अन्तिम लेखापरीक्षण प्रतिवेदन

सुन्दरबजार नगरपालिका
लमजुङ

आर्थिक वर्ष २०७९/८०

महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

अन्तिम लेखापरीक्षण प्रतिवेदन

सुन्दरबजार नगरपालिका

लमजुङ

आर्थिक वर्ष २०७९/८०



महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

अन्तिम लेखापरीक्षण प्रतिवेदन

सुन्दरबजार नगरपालिका

लमजुङ

आर्थिक वर्ष २०७९/८०

महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

दूरदृष्टि
(VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)

गन्तव्य
(MISSION)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

(Provide independent and Quality Audit Service to the Nation)

मूल्य मान्यता
(Core Values)

निष्ठा	*(Integrity)*
स्वतन्त्रता	*(Independence)*
व्यावसायिकता	*(Professionalism)*
पारदर्शिता	*(Transparency)*
जवाफदेहिता	*(Accountability)*

महालेखापरीक्षकको भनाइ

नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। त्यसैगरी लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । लेखापरीक्षण गर्दा नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिईएको छ । यस स्थानीय तहको आ.व. २०७९/८० को लेखापरीक्षणबाट देखिएका व्यहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रिया समेत विचार गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहिता लगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ। समय, जनशक्ति, स्रोतको उपलव्धता लगायतका सीमा रहेता पनि स्थानीय तह सम्म नै उपस्थित भई लेखापरीक्षण सम्पन्न गर्ने नीति लिइएको छ।यसै गरी लेखापरीक्षणको क्रममा स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग लेखापरीक्षणबाट देखिएका व्यहोरा उपर छलफल गरिएको छ।

यस वर्ष स्थानीय तहको लेखापरीक्षणबाट कार्यसम्पादनका लागि आवश्यक पर्ने कतिपय कानुन निर्माण हुन बाँकी रहेको, कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, प्रशासनिक तथा अनुत्पादक खर्चमा वृद्धि हुँदै गएको, एउटै योजना समेत टुक्र्याई कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरुको समेत परामर्शदाताद्वारा विस्तृत आयोजना प्रतिवेदन तयार गरी खर्च गरेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारी समेत नियुक्ति गरेको, आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदनमा सुधार गर्नु पर्ने देखिएको, सार्वजनिक सम्पत्ति संरक्षण र उपयोग प्रभावकारी रुपमा हुन नसकेको, स्थानीय तहमा लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजु फर्स्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा गर्न बाँकी रहेको जस्ता व्यहोरा देखिएका छन्। त्यस स्थानीय तहसँग सम्बन्धित व्यहोरा सहितको राय संलग्न गरिएको छ । एकै प्रकृतिका व्यहोराहरू वर्षेनी दोहोरिने गरेकोले वित्तीय अनुशासनमा अपेक्षित रुपमा सुधार हुन सकेको छैन ।अतः लेखापरीक्षणबाट औंल्याएका ब्यहोराहरू उपर आवश्यक कारबाही गरी वित्तीय अनुशासन कायम गर्नुका साथै सेवा प्रवाहलाई प्रभावकारी बनाउन त्यस स्थानीय तहबाट थप पहल कदमी हुने विश्वास लिएको छु ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्‍याउने स्थानीय तहका पदाधिकारी तथा कर्मचारीप्रति आभार व्यक्त गर्दछु । साथै लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको लागि विशेष धन्यवाद व्यक्त गर्दछु ।

(तोयम राया)

२०८१ **महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय

Office of the Auditor General

अनामनगर, काठमाडौं, नेपाल

Anamnagar, Kathmandu, Nepal

प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय

(गण्डकी प्रदेश)

प.सं. २०८०।८१

च.नं. २२

मिति : २०८१।२।११

विषयः **लेखापरीक्षण प्रतिवेदन ।**

श्री प्रमुख ज्यू,

सुन्दरबजार नगरपालिका, नगर कार्यपालिकाको कार्यालय,

सुन्दरबजार, लमजुङ ।

१. **कैफियत सहितको राय** - हामीले पालिकाको आर्थिक वर्ष २०७९/८० को प्राप्ती र भुक्तानीको विवरण, त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरणको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेस भएको २०८० आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७९/८० को प्राप्ती र भुक्तानीको विवरण र त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरण समावेश भएको वित्तीय प्रतिवेदनले यस पालिकाको वित्तीय कारोबार र प्रतिवेदनसँग सम्बन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

२. **कैफियत सहितको राय व्यक्त गर्ने आधार**

२.१. पालिकाले अन्तरसरकारी अख्तियारी, आन्तरिक आय तथा विविध कोष लगायतको वित्तीय विवरण महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रूपमा प्रयोग गरेर तयार गरेको छैन ।

२.२. लेखापरीक्षणबाट रु. १ करोड ६० लाख ५१ हजार बेरुजु देखिएको छ । सो सम्बन्धमा प्रतिक्रियाबाट फछ्र्यौटको लागि प्राप्त नभएको र बाँकी बेरुजु असुल गर्नुपर्ने रु. ९ लाख ३७ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रु.६१ लाख ३२ हजार, अनियमित भएको रु.६८ लाख ७० हजार र पेश्की बाँकी रु.२१ लाख १२ हजार समेत गरी यस वर्ष रु.१ करोड ६० लाख ५१ हजार बेरुजु कायम रहेको छ । पालिकाको गतवर्ष सम्म रु. १० करोड ५८ लाख ६९ हजार बेरुजु बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजु रु.१२ करोड १९ लाख २० हजार रहेको छ । पालिकाको बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको व्यहोरा यसैसाथ संलग्न छ ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम गरिएको छ । वित्तीय प्रतिवेदन तयार गर्ने यस पालिकासँग

हामी स्वतन्त्र छौं। त्यसका लागि प्रचलित कानुन र स्वीकृत आचारसंहिता अनुसार हामीले कार्य गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा हामी विश्वस्त छौं।

३. **अन्य व्यहोरा -** ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, बजेट व्यवस्थापन र राजस्व सङ्कलन, सार्वजनिक खरिद व्यवस्थापन, कार्यक्रम स्वीकृति एवं कार्यान्वयन, उपभोक्ता समितिलाई अनुदान वितरण तथा अनुगमन र सेवा प्रवाहलगायतका विषयमा सुधार गर्नुपर्ने देखिएका छन् ।

४. **वित्तीय विवरण उपर व्यवस्थापन तथा पदाधिकारीको जिम्मेवारी -** नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोबारको सही र यथार्थ अवस्था चित्रण हुने गरी एकीकृत वित्तीय विवरण तयार गर्ने तथा गल्ती (Fraud) वा त्रुटिका कारणबाट वित्तीय विवरण सारभूत रूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी यस पालिकाको व्यवस्थापनमा रहेको छ । पालिकाका प्रमुख र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार हुनेछन् ।

५. **वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी -** वित्तीय प्रतिवेदन समग्रमा गल्ती (Fraud) वा त्रुटिका कारण सारभूत रूपमा गलत आँकडा रहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो ।लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ । लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण कार्य सम्पादन गरेको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तरनिहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका गल्ती (Fraud) वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुँदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका गल्ती (Fraud) वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूत रूपमा गलत आँकडा मानिएको छ ।

(जयराम घिमिरे)

नायब महालेखापरीक्षक

सुन्दरबजार नगरपालिका,

लमजुङ जिल्ला,

१. चालु वर्ष २०७९।८० को बेरुजु

बेरुजु वर्गीकरण

(रु. हजारमा)

प्रारम्भिक बेरुजु			प्रतिक्रियाबाट फस्यौंट			प्रतिक्रियाबाट थप बेरुजु रकम	बाँकी बेरुजु			बेरुजु						
										असुल गर्नु पर्ने	नियमित गर्नुपर्ने					पेस्की
दफा संख्या		रकम	दफा संख्या		रकम		दफा संख्या		रकम	असुल गर्नु पर्ने	अनियमित भएको	प्रमाण कागजात पेश नभएको	जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा	पेस्की
सैद्धान्तिक	लगती		सैद्धान्तिक	लगती			सैद्धान्तिक	लगती								
५६	१०८	१६०५१	०	०	०	०	५६	१०८	१६०५१	९३७	६८७०	६१३२	०	०	१३००२	२११२

२. अद्यावधिक बेरुजु स्थिति (२०७९।८० सम्मको)

(रु. हजारमा)

जिल्ला	गत वर्ष सम्मको बाँकी	समायोजन	यो वर्ष फस्यौंट	बाँकी बेरुजु	यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु	यो वर्षको बेरुजु	कुल बेरुजु बाँकी
लमजुङ	१०५८६९	०	०	१०५८६९	०	१६०५१	१२१९२०

३. बेरुजु सम्परीक्षणको विवरण

क्र. सं	आर्थिक वर्ष	सम्परीक्षण भएको रकम
१	०७९।८० (चालु आ.व.)	०
	गत विगत वर्षतर्फको	
२	२०७८।७९	०
३	२०७७।७८	०
४	२०७६।७७	०
	गत विगतको जम्मा	**०**
कुल जम्मा		**०**

पालिकाको अन्तिम लेखापरीक्षणको विवरण तल उल्लेख गरिएको छ ।

परिचय

१ **परिचय -**

(क) कार्यालय परिचय - स्थानीय शासन पद्धति सुदृढ गरी विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यास संस्थागत गर्दै स्थानीय सरकार सञ्चालन गर्न यस पालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह-अस्तित्व र समन्वय प्रवर्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ । यस पालिकामा ११ वडा रहेको छ भने क्षेत्रफल ७२.०३ वर्ग किलोमिटर तथा जनसंख्या २७ हजार ०४३ रहेको छ ।

(ख) लेखापरीक्षणको उद्देश्य - लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०७९।८० को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

(ग) लेखापरीक्षणको क्षेत्र र अवधि - यस कार्यालयको विनियोजन, राजश्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०७९।८० मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८०।८।२२ देखि २०८०।९।२९ सम्म रहेको छ ।

(घ) लेखापरीक्षण विधि - लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ।

(ङ) लेखापरीक्षणको सीमा - लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरू सीमाको रूपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश

गरिएको छैन ।

(च) आर्थिक कारोबारको स्थिति - पालिकाको आय-व्ययतर्फ रु. ९२,०६,२०,६८० को लेखापरीक्षण सम्पन्न गरिएको छ । सोको विस्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

(छ) लेखापरीक्षणको क्रममा असूली - लेखापरीक्षणको क्रममा निम्नानुसारको रु. ३,३१,०१५ असूल भइ दाखिला प्रमाण पेश भएको छ ।

क्र.सं.	विवरण	रकम (रु.)
१	अस्पताल तर्फको अग्रिम कर र सा.सु.कर (२०७५।७६)	१३०४०
२	अस्पताल तर्फको पारिश्रमिक कर, सा सु कर, अग्रिम आय कर (२०७८।७९)	६७१०५
३	भक्ति नमुना मा.वि. को अग्रिम कर	६२८२७
४	अग्रिम कर	१३०६२४
५	सामाजिक सुरक्षा कर	४१५४
६	पारिश्रमिक कर	५३२६५
	जम्मा	३३१०१५

(झ) पालिकाको एकीकृत आर्थिक विवरण अनुसुचीमा संलग्न छ ।

लेखापरीक्षणबाट देखिएका व्यहोराहरू

२ **वित्तीय प्रतिवेदन -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२ मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेको छ । पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले उपलब्ध गराएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं. २७२) सम्बन्धमा निम्नअनुसार व्यहोरा देखिएको छः

२.१ **वित्तीय विवरणको यथार्थता** - पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोबारको लेखाङ्कन तथा प्रतिवदेन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) तयार गर्नुपर्छ । पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु.१४,००,१९,१४९, एकीकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रमको रु.२,१०,३७,०१४ र अन्य रु. ८,३३,५०२ समेत गरी रु १६,१८,८९,६६५ सुत्रमा लेखाङ्कन गरेको छैन । जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरणसमेत पूर्ण नहुँदा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन । तसर्थ सबै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ ।

२.२ **कर दायित्व** - पालिकाले तयार गरेको वित्तीय प्रतिवेदन (म.ले.प.फा.नं. २७२) अनुसार वर्षान्तमा विभिन्न भुक्तानीहरूमा कट्टी गरेको कर दायित्व रु. १,०१,१२६ देखाएको छ । यकिन भई सकेको कर दायित्व लेखापरीक्षण अवधिसम्म पनि दाखिला गरेको पाइएन । अतः उक्त रकम सम्बन्धित खातामा दाखिला गर्नुपर्ने रु.

प्रमाण पेश नगरेको	१,०१,१२६

३ **आन्तरिक नियन्त्रण प्रणाली -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ बमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नुपर्ने व्यवस्था छ । पालिकाले त्यस्तो प्रणाली तयार गरी लागु गरेको पाइएन। जसले गर्दा पालिकाको आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको र सोमाथि विश्वस्त हुन सक्ने अवस्था छैन । यस सम्बन्धमा देखिएका केही व्यहोराहरू देहायबमोजिम रहेका छन्:

- पालिकाले आ.व. २०७९।८० को अवधिमा भएको आफ्नो आर्थिक कारोबारको अनुसूची-२११ बमोजिम ढाँचामा वार्षिक प्रतिवेदन तयार नगरेको,
- राजश्व सङ्कलन सम्बन्धमा सूचना प्रविधिको प्रयोग गरी सबै कारोबार बैकिङ्ग प्रणाली मार्फत गर्ने नगरेको,
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक योजना तयार गरे पनि सोको कार्यान्वयन अवस्था

कमजोर रहेको,

- रणनीतिगत विषय, क्षेत्रगत मध्यकालिन तथा दीर्घकालिन विकास योजना तयार गरी कार्यान्वयनमा नल्याएको,
- स्थानीय तहले आफ्नो क्षेत्रमा कार्यान्वयन हुने आयोजनाको विश्लेषण गरी सम्भाव्य आयोजनाको बैङ्क तयार गरे पनि लागत यकिन नभएको, DPR तयार नगरेको,
- दिगो विकास योजना (२०१५-३०) लाई कार्यान्वयन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालिन लक्ष्यहरू तोकी मूल्याङ्कन गर्ने कार्य नभएको,
- जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा नगरेको,
- कुनै रकमको भुक्तानी दिँदा रित पुगेको वा नपुगेको जाँच गरी रसिद बिल भर्पाइहरूमा सिलसिलेवार नम्बर राखी कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार नगरेको,
- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(११) मा निर्माण कार्य सम्पन्न गरिसकेपछि भौतिक संरचनाहरूको विवरण खुलाई अभिलेख राख्नुपर्नेमा नगरेको,
- सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि,२०७७ को परिच्छेद ७ दफा ३१ मा आगामी आर्थिक वर्षमा भत्ता प्राप्त गर्नेहरूको विवरण सम्बन्धित वडा समितिहरूको सिफारिसका आधारमा स्थानीय सभामा पेश गर्नुपर्ने व्यवस्था रहेकोमा लाभग्राहीहरूको विवरण सभामा पेश नगरेको,
- विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा ४५ मा स्थानीय विपद् व्यवस्थापन समितिले गरेको कामको वार्षिक प्रतिवेदन जिल्ला विपद् व्यवस्थापन समिति तथा प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति समक्ष पेस गर्नुपर्ने व्यवस्था रहेकोमा प्रतिवेदन तयार गरी सम्बन्धित समितिमा पेस गरेको नदेखिएको,
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७ मा स्थानीय तहले सार्वजनिक सम्पत्तिको संरक्षण गर्नुपर्ने उल्लेख भएकोमा नगरपालिकाले सार्वजनिक सम्पत्तिहरूको अभिलेख राखेको छैन ।
- खेलकुद कार्यक्रम, साँस्कृतिक कार्यक्रमहरूको लागि अध्यक्षको तोक आदेशको आधारमा भुक्तानी गर्ने गरेको,
- सवारी तथा उपकरणको मर्मत संरक्षण तथा अभिलेख फारम नराखेको,
- नगरपालिका तथा विद्यालयबाट आयोजना भएको खेलकुद प्रतियोगितामा खरिद गरी प्रयोग गरिएका खप्ने जिन्सी सामग्री लगायतका खेलकुद सामग्रीको विवरण सहित सम्बन्धित कार्यालय वा विद्यालयमा दाखिला गर्ने नगरेको,
- सवारी मर्मतमा लागत अनुमान तयार नगरेको,
- अधिकांश कार्यक्रम सञ्चालनपुर्व प्रस्ताव स्वीकृत नभएको र कार्यक्रम सम्पन्न प्रतिवेदन पेस नगरेको,
- विभिन्न कार्यक्रमहरूको अनुगमन बापत भत्ता भुक्तानी भएकोमा अनुगमन प्रतिवेदन पेस नभएको,
- विभिन्न पत्रपत्रिका तथा सञ्चार माध्यममा पालिकाको तर्फबाट सचेतनामूलक सन्देश तथा शुभकामना प्रकाशन तथा प्रशारण बापतको बिल बमोजिम भुक्तानी भएकोमा सम्झौता/कार्यदिश संलग्न नरहेको,

- मूल्य अभिवृद्धि करमा दर्ता नभएको फर्मबाट समेत खरिद गर्ने गरेको,
- पालिकाको डोजर/ स्क्याभेटर प्रयोगमा तेल प्रयोगको लग बुक नभएको ।

तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई कानुन बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

४ **कानुन र सञ्चालन स्थिति -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरूले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट नमूना कानुनहरू बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म २६ वटा ऐन, ३ वटा नियमावली, १३ कार्यविधि लगायत ५० वटा कानुन निर्माण गरी कार्यान्यनमा ल्याएको छ । साथै पालिकाले ७ वटा कानुनहरू निर्माण गरी सभा र कार्यपालिकाबाट स्वीकृत गरेतापनि उक्त कानुनहरू राजपत्रमा प्रकाशन गरेको छैन। तसर्थ उक्त कानुनहरू राजपत्रमा प्रकाशन गरी कार्यान्वयनमा ल्याउनु पर्दछ ।

५ **न्यायिक समिति -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरी मध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ। लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गत वर्ष फस्योंट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी ८ र यो वर्ष थप भएको ३२ गरी कुल ३८ विवाद दर्ता भएकोमा ३२ वटा मात्र फस्योंट भई ६ वटा बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फस्योंट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।

६ **आवधिक योजना -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम पालिकाले आफ्नो अधिकार क्षेत्रभित्रको विकासका लागि आवधिक योजना बनाई लागु गर्नुपर्नेमा यस पालिकाले आवधिक योजना तयार गरेको छैन। आवधिक योजना नहुँदा पालिकाले वार्षिक बजेट तथा कार्यक्रम तयार गर्दा आवधिक योजनाका दीर्घकालिन विषयलाई भन्दा सालवसाली विषयहरूलाई समावेश गरेको देखिन्छ । स्थानीय तहको समग्र विकासका लागि आवधिक योजना तर्जुमा गरी कार्यान्वयन गर्नुपर्दछ ।

७ **बजेट पेश, पारित र अख्तियारी -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस पालिकाको उपप्रमुखले मिति २०७९।०३।१० मा रु. ७४ करोड ९९ लाखको बजेट सभा समक्ष पेश गरेकोमा सभाबाट सोही मितिमा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले मिति २०७९।०४।०७ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ।

८ **बजेट सीमा निर्धारण समिति -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको

प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्राथमिकीकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरू फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था छ। पालिकाले समितिको गठन गरेको जनाएको छ । उक्त समितीलाई कामयावी बनाउनु पर्दछ ।

९ **बजेट अवण्डाः -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अवण्डा नराखी आय-व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ। यस पालिकाले यो वर्ष रु.१,४०,२१,०००।०० अवण्डा बजेट व्यवस्था गरी योजनामा रु.७९,८०,५९६।०० खर्च गरेको छ। बजेट अवण्डामा राखी कार्यपालिकाको निर्णयबाट खर्च गर्ने गरेको देखिन्छ । जसले गर्दा वित्तीय अनुशासन र पारदर्शिता कायम भएको छैन । तसर्थ बजेट खर्चलाई पारदर्शिता र पद्धतिमा आधारित बनाउनुपर्दछ ।

अवण्डा शिर्षक	बजेट (रु.)	खर्च (रु.)
विविध पुँजीगत	५००००००	४७८०८२२
विविध चालु	९०२१०००	३१९९७७४
जम्मा	१४०२१०००	७९८०५९६

१० **क्षेत्रगत बजेट र खर्चको स्थिति -** स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रूपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७९।८० को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

क्र.सं.	क्षेत्र	बजेट (रु.)	खर्च (रु.)	खर्च प्रतिशत	कुल खर्चको तुलनामा खर्च प्रतिशत
१	आर्थिक विकास	२८१८००००	२३१६४०७४	८२.२०	३.८०
२	पूर्वाधार विकास	१९२३२३२७१	१२९१८४३६०	६७.१७	२१.१९
३	सामाजिक विकास	३४३४२४८१२	३१५९६०८६७	९२.००	५१.८२
४	सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र	५३६६८०००	३२५२७३५६.४	६०.६१	५.३३
५	अन्य कार्यालय सञ्चालन तथा प्रशासनिक	१३२३४३०००	१०८९३३५१९	८२.३१	१७.८६
जम्मा		७४९९३९०८३	६०९७७०१७६	८१.३१	१००.००

उपर्युक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सामाजिक विकासमा सबैभन्दा बढी अर्थात ९२ प्रतिशत र संस्थागत विकास, सेवा प्रवाह र सुशासन मा सबै भन्दा घटी अर्थात ६०.६१ प्रतिशत खर्च भएको छ । त्यस्तै कुल खर्च रु. ६० करोड ९७ लाख ७० हजार मध्ये सबै भन्दा बढी अर्थात ५१.८२ प्रतिशत सामाजिक विकासमा र सबैभन्दा कम अर्थात ३.८० प्रतिशत आर्थिक विकासमा खर्च गरेको छ ।

११ **खर्च विश्लेषण -** पालिकाले यसवर्ष कुल आन्तिरक आयबाट रु.१,५१,५४,०२८।४१, राजस्व बाँडफाँड बाट रु. ७,४८,९६,२०१।९० र अनुदानबाट रु. ४८,२६,३५,८००।०० समेत रु. ५७,२६,८६,०३०।३१ आम्दानी भएकोमा चालु तर्फ रु. ४४,५९,६४,०००।०० र पुंजीगत तर्फ रु. १६,३८,०६,०००।०० गरी रु. ६०,९७,७०,०००।०० खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा २.४९ प्रतिशत रहेको छ। यस वर्ष पदाधिकारी सुविधामा रु. १,२४,७१,०००।०० खर्च भएको छ जुन आन्तरिक आयको ८२.२९ प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ७३.१४ प्रतिशत चालु र २६.८६ प्रतिशतमात्र पुंजीगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाले विकास निर्माण कार्यक्रम सञ्चालनमा न्यून खर्च गरी प्रशासनिक कार्यमा बढी खर्च गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिक रूपमा विकास निर्माणमा परिचालन गरिनुपर्दछ ।

विवरण	रकम (रु.)	कैफियत
कुल खर्च	६०,९७,७०,०००	
चालु खर्च	४४,५९,६४,०००	७३.१४ प्रतिशत
पुंजीगत खर्च	१६,३८,०६,०००	२६.८६ प्रतिशत
आन्तरिक आय	१,५१,५४,०२८	खर्चको तुलनामा २.४९ प्रतिशत
पदाधिकारी सुविधा	१,२४,७१,०००	आन्तरिक आयको ८२.२९ प्रतिशत

१२ **चौमासिक पुंजीगत खर्च -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने कार्यालयले चौमासिक प्रगति विवरण बनाई कार्यसम्पादन गर्नुपर्ने व्यवस्था छ । पालिकाले उपलब्ध गराएको विवरण अनुसार चौमासिक पुंजीगत खर्चको स्थिति देहाय बमोजिम छ ।

रकम (रु. हजारमा)

बजेट उपशिर्षक	कुल खर्च	चौमासिक खर्च			आषाढ महिनाको खर्च
		प्रथम	दोस्रो	तेश्रो	
पुंजीगत खर्चतर्फ	१६३८०६	१३७४३	१०८०८	१३९२५३	७२१५४
प्रतिशत		८.३८	६.६०	८५.०२	४४.००

पालिकाले उपलब्ध गराएको विवरण अनुसार वार्षिक विनियोजित बजेट रु.२३,७८,५१,०००।०० मध्ये ६८.८६ प्रतिशत खर्च भएको छ । खर्च मध्ये प्रथम चौमासिकमा ८.३८ प्रतिशत, दोस्रो चौमासिकमा ६.६० प्रतिशत र तेस्रो चौमासिकमा ८५.०१ खर्च गरेको देखिएको छ । यसरी नै आषाढ महिनामा मात्र ४४ प्रतिशत खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन। स्वीकृत कार्यक्रम अनुसार चौमासिक रूपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरूप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ।

१३ **आर्थिक सहायता -** पालिकाले स्पष्ट मापदण्ड र कार्यविधि तर्जुमा गरी तथा बजेट विनियोजन गरेर मात्र आर्थिक सहायता वितरण गर्नु पर्दछ। पालिकाले मापदण्ड र कार्यविधि तयार नगरी विभिन्न व्यक्तिहरूलाई रु.१९,७८,००० आर्थिक सहायता वितरण गरेको छ । उक्त रकम पालिकाको कुल आन्तरिक आय रु.१,५१,५४,०२८।४१ को १३.०५ प्रतिशत हुन आउँछ । निश्चित विधि र मापदण्ड बेगर आर्थिक सहायता वितरण गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ ।

१४ **फोहरमैला व्यवस्थापन -** फोहरमैला व्यवस्थापन ऐन, २०६८ अनुसार स्थानीय तहहरूले स्रोतमै फोहरमैलाको वर्गीकरण गर्न लगाई सोही अनुसार सङ्कलन र व्यवस्थापन गर्ने कार्यको सुरुवात गर्न नसकेको कारण फोहरमैला व्यवस्थापनमा जटिलता देखिएको छ । फोहर उत्सर्जन हुने स्रोतमा नै वर्गीकरण गरी कुहिने, नकुहिने, सिसाजन्य, अस्पतालबाट उत्पादित र इ-वेष्ट लगायतका फोहर वर्गीकरण गरी उपयुक्त व्यवस्थापन गरेको देखिएन । फोहरमैलाको उचित व्यवस्थापन गरी पालिकाको पर्यावरणलाई स्वच्छ राख्नुपर्दछ ।

१५ **प्रशासकीय संगठन र जनशक्ति व्यवस्थापन -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित १३७ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म प्रमुख प्रशाकीय अधिकृत सहित ११६ जना पदपूर्ति भएको देखिन्छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका, इन्जीनियर- १, मेडिकल अधिकृत-२,कृषि/पशु अधिकृत १/१ सहित ५ पदहरू रिक्त रहेका छन् । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । तसर्थ रिक्त पदहरू नियमानुसार पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ ।

१६ **कर्मचारी व्यवस्था -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ (८) मा नगर प्रहरी, सवारी चालक, सयस, बगैंचे, प्लम्बर लगायतका पद तथा सेवामा बाहेक करारमा नियुक्त गर्न पाइने व्यवस्था छैन । पालिकाले उल्लिखित पदहरूमा बाहेक कर्मचारी करारमा नियुक्त गरी तलब भत्ता समेतमा रु.२२,७३,४७२।०० भुक्तानी गरेको पाइयो । ऐनको व्यवस्था विपरीत कर्मचारी नियुक्त गरी भुक्तानी गर्ने कार्य नियमसम्मत नदेखिएको रु.

पद	नियुक्ति संख्या	मासिक तलब भत्ता (रु.)	बार्षिक तलब (रु.)
इन्जिनियर	१	४३६८९	५२४२६८
सब-इन्जिनियर	१	३४७३०	४१६७६०
अमिन	१	३२९०२	३९४८२४
ना प्रा स	१	२८१७५	३३८१००
अपरेटर	१	२९७२०	३५६६४०
सामाजिक परिचालक	७	२०२४०	२४२८८०
जम्मा			२२७३४७२

अनियमित भएको	२२,७३,४७२

१७ **तलबी प्रतिवेदन -** निजामती सेवा ऐन २०४९, स्वास्थ्य सेवा ऐन, २०५३ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४, शिक्षा ऐन, २०२८ मा तलबी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नु पर्ने उल्लेख छ | पालिकाले यो वर्ष तलबी प्रतिवेदन पारित नगराई सङ्घीय सरकारबाट हस्तान्तरित चालु अन्तर्गत स्वास्थ्यतर्फ ५७ जना कर्मचारीको रु. ४,५५,२७,८४४ शिक्षातर्फ २१० शिक्षकहरूको रु.१६,८९,७६,००० र पालिकाका ४५ जना कर्मचारीको रु.२,९३,०६,८३९.२५ समेत रु. २४,३८,१०,६८३.२५ खर्च लेखेको छ । तलबी प्रतिवेदन पारित नगरी खर्च लेख्न पाउने भन्दा बढी तलब भत्ता ग्रेड भुक्तानी हुन सक्ने तथा लेखापरीक्षणको क्रममा भुक्तानीको तुलना गर्न नसकिने भएकोले तलबी प्रतिवेदन पारित गराएर तलब भत्ता भुक्तानी गर्नुपर्दछ ।

१८ **अवकास कोष -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ मा स्थानीय तहले स्थानीय सेवाका कर्मचारीले निजको सेवा शर्त सम्बन्धी कानुन बमोजिम अवकास हुँदा प्राप्त गर्ने योगदानमा आधारित उपदान वा निवृत्तिभरण, औषधी उपचार लगायतका सुविधा उपलब्ध गराउनका लागि दरबन्दीमा कार्यारत कर्मचारीले खाईपाई आएको तलबको दश प्रतिशत कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्ने गरी एक अवकास कोष स्थापना गर्नुपर्ने व्यवस्था छ । पालिकाले स्थापना गरेको कोषको अवस्था निम्नानुसार छ ।

सुरु मौज्दात (रु.)	यो वर्षको आम्दानी (रु.)	यो वर्षको खर्च (रु.)	अन्तिम मौज्दात (रु.)
४०९८०२५	१००००००	१११०२४७	३९८७७७८

पालिकाले कर्मचारीको तलबबाट १० प्रतिशत कट्टा गर्ने गरेको छैन भने पालिकाको तर्फबाट एकमुष्ट रु. १० लाख जम्मा गरेको छ । पालिकाले कोष सञ्चालन सम्बन्धमा कार्यविधि समेत निर्माण नगरेकोले अवकाष कोष सञ्चालन कार्यविधि निर्माण गरी रकम परिचालन तथा उपयोग गर्नुपर्दछ ।

१९ **सेवाप्रवाह -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद-३ मा स्थानीय तह तथा वडा कार्यालयको काम कर्तव्य र अधिकारको व्यवस्था छ। पालिका बाट प्राप्त विवरण अनुसार पालिकाले

आर्थिक वर्ष २०७९।८० मा नागरिकता सिफारिस ५२२, घरबाटो सिफारिस २३८, मृत्यु दर्ता ८०५, बसाईसराई दर्ता २०५, अन्य सिफारिस ७१८५ तथा ६४ घर नक्सा पास लगायतका सेवा प्रवाह गरेको छ।

२० **सहकारी नियमन -** सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार मासिक, चौमासिक, वार्षिक प्रतिवेदन बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८(४), सहकारी संस्थाहरूको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) दाखिला गर्नु पर्ने व्यवस्था छ। पालिकाले उपलब्ध गराएको विवरणअनुसार पालिका भित्र ५२ वटा सहकारी संस्था रहेका छन् । पालिका भित्रका सहकारी संस्थाहरूले एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) बाट विवरण दाखिला गरेको पाइएन । त्यसैगरी पालिकाबाट अनुगमन निरीक्षण गरी तयार गरिएको प्रतिवेदन समेत लेखापरीक्षणका क्रममा पेश भएन । जसले गर्दा सहकारीको सञ्चालन अवस्था बारे अध्ययन गर्न सकिएन । तसर्थ ऐन, नियमावली र निर्देशिका अनुसार प्रणालीमा विवरण दाखिला गर्न लगाई सोको प्रभावकारी अनुगमन गर्नुपर्दछ ।

२१ **सार्वजनिक परीक्षण -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो बनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तर्गत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था बमोजिम रु. ३,४८,०००।०० खर्च गरी एक पटक सार्वजनिक सुनुवाई गरेको छ । सार्वजनिक सुनुवाईमा उठेका सवाल र सुझावहरूलाई आगामी बजेट तथा कार्यक्रम तर्जुमा तथा कार्यान्वियन गर्ने क्रममा ध्यान दिनुपर्दछ ।

२२ **आय अनुमान -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ। पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर बापत अनुमानित रु. १,५०,००,०००।०० प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०७९।८० मा रु. १,५१,५४,०२८।४१ अर्थात अनुमान भन्दा १.०२६ प्रतिशत बढी आय प्राप्त गरेको छ । आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन वृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ ।

२३ **आन्तरिक आय -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०७९।८० मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।

केन्द्रीय अनुदानबाट खर्च (रु.)	आन्तरिक आय(रु.)	आन्तरिक आय प्रतिशत
५१,८२,००,०००	१,५१,५४,०२८.४१	२.९२४

उपर्युक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा २.९२४ प्रतिशत मात्र रहेको छ । त्यसैले पालिकाको आन्तरिक आय सङ्कलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय वृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

२४ **कर तथा शुल्क असुली -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क

उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असूली स्थिति निम्नानुसार रहेको देखिन्छ ।

आय शीर्षक	अनुमान (रु.)	असूली (रु.)	असूली प्रतिशत
एकीकृत सम्पत्ति कर र घरजग्गा कर	४२०००००	३११५२६१.५	७४.१७
घरजग्गा वहाल कर	१४०००००	२७२३०५२.२९	१९४.५
व्यवसाय कर	१६०००००	३८३५००	२३.९६
वहाल विरौटी शुल्क	०	०	०

पालिका भित्र रहेका करदाताहरूको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असूली यथार्थ मान्न सक्ने अवस्था देखिएन । तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायरामा ल्याउनुपर्दछ।

२५ **व्यवसाय कर -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनुपर्ने व्यवस्था रहेको छ । यस वर्ष पालिकाले व्यवसाय दर्ता तथा नविकरण शुल्क बापत रु.३,८३,५००।०० कर सङ्कलन गरेकोमा पालिकाको क्षेत्रभित्र रहेका व्यवसायीहरूको अभिलेख अध्यावधिक गरेको छैन । जसबाट पालिकाले सङ्कलन गरेको व्यवसाय कर यथार्थ मन्न सक्ने अवस्था छैन । तसर्थ पालिकाले क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अद्यावधिक अभिलेख राखी करको दायराभित्र ल्याउनु पर्दछ ।

२६ **आय ठेक्का व्यवस्थापन -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६२ (क) मा पालिकाले आफ्नो क्षेत्रभित्रको वातावरणीय मूल्याङ्कन तथा प्रारम्भिक वातावरणीय परीक्षणबाट तोकिएको परिमाणमा स्लेट, ढुङ्गा, गिट्टी, बालुवा बिक्री बापत प्राप्त रकम पालिकाले सञ्चित कोषमा जम्मा गर्ने तथा गण्डकी प्रदेश सरकार ढुङ्गा, गिट्टी, बालुवा उत्खनन सङ्कलन क्रसिङ र बिक्री वितरण तथा क्रसर उद्योग स्थापना र सञ्चालनलाई व्यवस्थित गर्ने कार्यविधि, २०७५ मा सम्बन्धित स्थानीय तहले दोस्रो पक्षसँग ढुङ्गा, गिट्टी, बालुवा उत्खनन ठेक्का सम्झौता गर्दा प्रदेश सरकारले तोकेको दरमा सम्झौता गरी सोही बमोजिम राजस्व सङ्कलन गर्नुपर्ने व्यवस्था गरेको छ । पालिकाले आफ्नो क्षेत्र भित्रको दहत्तर बहत्तरको ठेक्का व्यवस्थापनको लागि सूचना समेत प्रकाशन गरेको छैन भने वातावरणीय प्रभाव मूल्याङ्कन समेत गरेको छैन । तर पालिकाले मिति २०७९।८।२० गतेको नगर कार्यपालिकाको बैठकबाट नगरपालिकाको आर्थिक ऐन, २०७९ मा उल्लेख भएको दस्तुर लिई ईच्छुक संस्था, फर्म वा व्यक्तिलाई सम्बन्धित वडा अध्यक्षले निगरानी गर्ने जिम्मा दिई नदी तथा खोलाहरूमा रहेको निर्माण सामाग्रीहरू उत्खनन् गर्ने निर्णय गरी निम्नानुसार रु. १५,३१,४००।०० राजश्व सङ्कलन गरेको छ । पालिकाले वातावरणीय प्रभाव मूल्याङ्कन नगरेकोले अधिकतम उत्खनन् परिमाण यकिन छैन । वडा अध्यक्षहरूको निगरानीमा उत्खनन् गर्ने भनिए पनि के कति परिमाणमा उत्खनन् भएको हो सोको अभिलेख नगरपालिकासँग छैन । यसबाट बढी परिमाणमा ढुङ्गा, गिट्टी बालुवा उत्खनन् भई वातावरणीय प्रभाव पर्ने देखिन्छ भने नगरपालिकाले गर्नुपर्ने आम्दानी पनि यकिन हुँदैन । वातावरणीय प्रभाव मूल्याङ्कन गरी सोको आधारमा प्रतिस्पर्धात्मक

तवरले आय ठेक्का व्यवस्थापन गरी अधिकतम राजश्व सङ्कलन गर्ने तर्फ ध्यान दिनुपर्दछ ।

वडा नं.	आय रकम (रु.)
२	५८५२५०
४	२७२०००
५	९८९००
७	२६८७५०
८	१५९०००
९	१३१५००
१०	१६०००
जम्मा	१५३१४००

२७ **राजश्व रकम समयमा दाखिला नभएको -** गण्डकी प्रदेशको आर्थिक कार्यविधि ऐन, २०७४ को दफा २३ मा प्रचलित कानुन बमोजिम सरकारलाई प्राप्त हुने राजश्व रकम कार्यालयमा प्राप्त भएपछि सरकारी कारोबार गर्ने बैङ्कमा सोही दिन वा काबु बाहिरको परिस्थिति परी सोही दिन दाखिला हुन नसकेमा सोको भोलिपल्ट सञ्चितकोष दाखिला गर्नुपर्ने व्यवस्था छ। स्रेस्ताहरूको नमुना परीक्षण गर्दा विभिन्न वडाहरूले टाढा भएको कारण मासिक रूपमा अन्तमा एकमुष्ठ राजश्व बैङ्क दाखिला गर्नुपर्ने र पालिकाले राजश्व सङ्कलन भएको भोलिपल्ट बैङ्क दाखिला गर्नुपर्नेमा महिना समाप्त भएपछि एकमुष्ठ दाखिला गर्ने गरेकोले उक्त वडालाई उल्लिखित तालिका अनुसारको हिसाब किताब गरी कानुन बमोजिमको जरिबाना लगाई हुन आउने रकम असूल गरी राजश्व प्रणालीलाई व्यवस्थित गर्न जोड दिनुपर्दछ।

वडा नं.	महिना	कुल राजश्व (रु.)	एकमुष्ठ दाखिला मिति
१	श्रावण, भाद्र र असोज	२८,२५९	२०७९।०७।२९
२	श्रावण, भाद्र, असोज र कार्तिक	१,८१,१८०	२०७९।०८।०८
३	श्रावण, भाद्र र असोज	५७,५८६	२०७९।०६।३०
४	श्रावण, भाद्र र असोज	६२,४२१	२०७९।०६।३०
५	भाद्र	२०,०००	२०७९।०६।२७
६	श्रावण र भाद्र	१,१७,५८०	२०७९।०६।२६
७	श्रावण र भाद्र	७७,३००	२०७९।०६।२७
७	फागुन	४२,४०५	२०८०।०१।१२
१०	श्रावण र भाद्र	२७,०४४	२०७९।०६।०७

११	श्रावण र भाद्र	३९,९१७	२०७९।०६।०७

२८ **स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभूत तथ्याङ्क सङ्कलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक स्रोत अन्तर्गत खानी, जङ्गल तथा अन्य स्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा स्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानुन र सोको मापदण्ड बनाएको छैन । पालिकाले नक्साङ्कन सहितको पालिका प्रोफाइल बनाएको जनाएको छ। पालिकाको नीति, योजना, बजेट तथा कार्यक्रम तर्जुमा तथा कार्यान्वयन गर्ने क्रममा उपरोक्त प्रोफाइलमा हुने सूचना तथा तथ्याङ्कको प्रयोग गरी योजना तर्जुमा कार्यलाई यथार्थपरक बनाउनु पर्दछ।

२९ **आन्तरिक लेखापरीक्षण -** स्थानीय तह सञ्चालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताको आधारमा प्रत्येक त्रैमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ । तर नगरपालिकाले यस वर्षको आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराएको छैन । तसर्थ कानुन बमोजिम आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउनेतर्फ ध्यान दिनुपर्दछ ।

३० **पाईप तथा तरजाली वितरण -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रित पुगे नपुगेको जाँच गरेरमात्र भुक्तानी दिनुपर्ने व्यवस्था छ । पालिकाले रु. ५,८९,५०४ को पाईप तथा ह्युम पाईप खरिद गरी तोक आदेशको आधारमा वितरण गरेको छ । वास्तविक आवश्यकता पहिचान गरी वडा सिफारिसको आधारमा मात्र वितरण गरेर सदुपयोग हुने सुनिश्चितता गर्नुपर्दछ ।

३१ **बीमा -** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११२ मा २० लाख भन्दा बढी मूल्यको निर्माण कार्य गर्ने निर्माण व्यवसायीले निर्माण सामाग्री प्रयोग गरिने मेसिन औजार वा प्लान्ट लगायत निर्माण कार्यको पूर्ण प्रतिस्थापन खर्च लगायत उपनियम २ मा लेखिएदेखि बाहेक सम्पूर्ण जोखिम वहन गर्ने गरी बीमा गराउनु पर्ने तथा बीमा गराएर मात्र निर्माण कार्य गराउनुपर्ने व्यवस्था छ । आयोजनाले तपशिल बमोजिमका ठेक्काहरूमा बीमा नै नगराई तथा कम अवधिको बिमा गराई निर्माण कार्य गराएको तथा पेश्की रकम उपलब्ध गराएको छ। कानुन बमोजिम बीमा गरेर मात्र निर्माण कार्य गराउने तर्फ यसरी पालिकाले ध्यान दिनुपर्दछ ।

ठेक्का नं.	निर्माण व्यवसायी	सम्झौता रकम (रु.)	बिमामा खर्च रकम (रु.)	बीमा अवधि
EGP/NCB/SB /BEH/०७९/०८०/०१	Bhimkali Construction company	५५०३९४९	२२०७८	पुरा अवधिको नभएको
EGP/NCB/SB	Resham and Gauli Construction Pvt. Ltd.	६५०३४४५	३००००	,, ,,

/MSR/०७९/०८०/०३				
EGP/NCB/ SB/०७८/०७९/०७	Samar Building Construction Company	८६३८६६०	३००००	,, ,,
SUPPLY/SM/SQ/EM/ ०३/०७९/०८०	Medigold Suppliers	१२५३७००		नगरेको
(EGP/NCB / ०७७/०७८/०२)	Dragon/ Beacon J/V, Kathmandu	१०५७६६९७९		,, ,,
EGP/NCB /SB/०७८/०७९/०६	Resham and Gauli Construction Pvt. Ltd.	६०९०३२८		,, ,,

३२ **ठेक्का अभिलेख -** सार्वजनिक निर्माण कार्य गर्ने हरेक निकायले ठेक्का अभिलेख म.ले.प.फा.नं.५०७ को ढाँचामा अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ। निर्माण कार्यको विस्तृत अभिलेखाङ्कनको लागि प्रयोग गरिने ठेक्का सम्बन्धी अभिलेखले कुल गर्नुपर्ने कार्य, हाल सम्म भएको कामको परिमाण, मूल्य, कार्य सम्पादन जमानत, पेश्की ग्यारेन्टीको अवस्था, काम सम्पन्न गर्नुपर्ने मिति, भेरिएसन लगायतको जानकारी उपलब्ध हुन्छ। तर यस कार्यालयले उक्त विवरण देखिने गरी अभिलेख राखेको देखिएन। अतः स्वीकृत ढाँचा अनुसार सबै विवरण खुल्ने गरी ठेक्का अभिलेख अद्यावधिक गरी राख्नुपर्दछ।

३३ **पुर्वनिर्धारित क्षतिपूर्ति -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५२ मा खरिद सम्झौता र सोको शर्तहरूको व्यवस्था रहेको छ। सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १११ मा सम्झौता सम्बन्धि व्यवस्था, नियम १२० मा खरिद सम्झौताको अवधि थप गर्न सकिने, नियम १२१ मा पुर्वनिर्धारित क्षतिपूर्ति सम्बन्धी व्यवस्था रहेको छ। समर विल्डिङ कन्स्ट्रक्सन कम्पनीसँग प्रशासकीय भवनको कम्पाउण्ड वाल निर्माण सम्बन्धी ठेक्का सम्झौताको GCC ५५.१ मा तोकिएको अवधिमा कार्य सम्पन्न नगरेमा प्रति दिन सम्झौता रकमको ०.०५ प्रतिशतको दरले अधिकतम सम्झौता रकमको १० प्रतिशतसम्म पुर्वनिर्धारित क्षतिपूर्ति लाग्ने व्यवस्था छ। सम्झौता अनुसार निर्माण अवधि २०८०।३।३० सम्म म्याद थप भएकोमा निर्माण व्यवसायीले २०८०।५।१६ गते कार्यसम्पन्न गरी निवेदन पेश गरेकोले सम्झौता रकम रु. ८६,३८,७५३।६८ को प्रति दिन ०.०५ प्रतिशतको दरले ४७ दिनको पुर्वनिर्धारित क्षतिपूर्ति असूल गर्नुपर्ने रु.

असूल गर्नुपर्ने	२,०३,०११

३४ **सफ्टवेयर खरिद -**

३४.१ पालिकाले निम्नानुसार सफ्टवेयर खरिद गरी प्रयोगमा ल्याएको छ ।

भौचर नं.	सप्लायर्स	भुक्तानी रकम (रु.)	कैफियत
१०१	फोर जि ईन्जिनियरिङ सोलुसन प्रा.लि.	४९५०२०	ईलेक्ट्रोनिक बिलिङ परमिट सिस्टम
१०४	सफ्टवेयर हब नेपाल प्रा.लि.	४९४९४०	नक्सा डिजिटाइजेशन

सो सम्बन्धमा देखिएको व्यहोरा निम्नानुसार छ ।

३४.२ **सोधभर्ना रकम** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रित पुगे नपुगेको जाँच गरेरमात्र भुक्तानी दिनुपर्ने व्यवस्था छ। पालिकाले ईलेक्ट्रोनिक बिलिङ परमिट सिस्टम खरिदको रु. ४,९५,०२०।०० भुक्तानी दिँदा आपूर्तिकर्ताले पेश गरेको Cost Breakdown मा सोधभर्ना हुने रकम (Reimbursable) मा रु. ३१,०००।०० समेत भुक्तानी गरेको छ । तर भुक्तानी दिँदा उक्त रकम खर्च भएको बिल भरपाई पेश भएको छैन । पालिकाले परामर्शदाताले पेश गर्ने बिल भरपाईको आधारमा Reimbursable रकम भुक्तानी गर्नुपर्नेमा पेश नगरीकन नै उक्त पूरै रकम भुक्तानी दिएको पाइयो। यसरी भुक्तानी भएको रकम सम्बन्धितबाट असूल गर्नुपर्ने रु.

अनियमित भएको	३१,०००

३४.३ सफ्टवेयर हब नेपाल प्रा.लि.सँग नक्सा डिजिटाईजेशन कार्यको लागि भएको सम्झौताको TOR मा घर नक्साको सम्पन्न र नियमित फाईलहरूको डिजिटाईजेशन र मोड्युल विकास गर्नुपर्ने, तयार भएपछि सोको प्रस्तुतिकरण र रिपोर्ट दिनु पर्ने शर्त रहेको छ । तर के कति नक्साको डिजिटाईजेशन गरेको हो सोको विवरण पेश नभएको र रिपोर्ट पेश भएको छैन । यसबाट डिजिटाईजेशनको काम भए नभएको यकिन भएन । TOR अनुसारको काम प्रमाणिकरण गरी पेश गर्नुपर्ने रु.

प्रमाण पेश नगरेको	४,९४,९४०

३५ **बढी भुक्तानी** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रित पुगे नपुगेको जाँच गरेरमात्र भुक्तानी दिनुपर्ने व्यवस्था छ । पालिकाले भौचर नं. १०११ बाट घरभाडाबापत महेन्द्र पोखरेललाई मासिक रु.१३,००० का दरले ६ महिनाको भुक्तानी दिनुपर्नेमा १२ महिनाको भुक्तानी दिएकोले रु. ७८,००० बढी भुक्तानी भएको छ । बढी भुक्तानी भएको रकम (कर पश्चात) सम्बन्धितबाट असूल गर्नुपर्ने रु.

असूल गर्नुपर्ने	७०,२००

३६ **नन्फाइलर** - मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १८ मा भुक्तानीमा प्राप्त मूल्य अभिवृद्धि करको विवरण भुक्तानी पाएको अर्को महिनाको २५ गतेभित्र सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा कर विवरण सहित दाखिला गर्नुपर्ने व्यवस्था छ। तर कार्यालयबाट देहायका फर्मलाई निम्नानुसार रकम भुक्तानी दिएकोमा लेखापरीक्षण अवधिसम्म पनि ती फर्महरू कर विवरण नबुझाई नन्फाईलर रहेको पाइयो। कानुनी व्यवस्थाअनुसार विवरण नबुझाएकोले कर समायोजन भएको प्रमाण पेश हुनुपर्ने रु.

भौ.नं.	निर्माण व्यवसायी	पान नं.	बिल रकम	कर रकम

१९०	रेशम एण्ड गौली कन्स्ट्रक्सन	६०७०६२३१५	३३८२३२९	३८९११७
३७२			३११४५७७	३५८३१४
२८			२०५६९३२	२३६६३८
४७			१४०२७१६	१६१३७४
६१			१२९३२०३	१४८७७६
१४७			१२०००१३	१३८०५५
२१	न्यु हिरा निर्माण सेवा	६०७०६२३१५	२१९३४४६	२५२३४३
१५	जय भद्रकाली आयल स्टोर्स	३००२२५५१४	३८४१९३	४४१९९
जम्मा				१७२८८१६

प्रमाण पेश नगरेको	१७,२८,८१६

३७ **न्यून बिजकीकरण -** सार्वजनिक खरिद नियमावलीको नियम १० मा निर्माण कार्यको लागत अनुमान तयार दररेट निर्धाण समितिले तोकेको दररेटको आधारमा निर्धारण गर्नुपर्ने व्यवस्था छ । उपभोक्ता समिति मार्फत गराएको निम्नानुसार (अनुसूचीमा संलग्न) काममा सिमेन्ट र ईँटाको जिल्ला दररेट क्रमश रु. ८३० र १७ को आधारमा दररेट विश्लेषण गरी सोही अनुसार भुक्तानी भएको छ । तर उपभोक्ता समितिबाट जिल्ला दररेट भन्दा कम दरमा सिमेन्ट तथा ईँटा खरिदको बिल पेश गरेकोले निम्नानुसार रकम भ्याट बापत बढी भुक्तानी भएको छ । जिल्ला दररेटको आधारमा भ्याट रकम भुक्तानी हुँदा बढी भुक्तानी भएको रकम सम्बन्धितबाट असूल गर्नुपर्ने रु.

भौ.नं.	योजनाको नाम	निर्माण सामाग्री	खपद परिमाण (बोरा/गोटा)	भुक्तानी दर	खरिद दर	फरक दर	भुक्तानी	मु. अ. कर
३७	पाडिनी संस्कृत मा वी	सिमेन्ट	९२८	८३०	४८७	३४३	३१८५५५	४१४१२
४९		इटा	११०००	१४	१०	४	४४०००	५७२०
	मस्याङ्दी आ बी	इटा	१४७७५	१४	१०	४	५९१००	७६८३
		सिमेन्ट opc	१०१	८३०	६००	२३०	२३२३०	३०२०
		सिमेन्ट ppc	२३१	७२५	५००	२२५	५१९७५	६७५७
९५	प्रगती टोल मोटरबाटो	सिमेन्ट opc	३४२	८३०	५९२	२३८	८१३९६	१०५८१
१४९	सुत्केरीले गाडेको ढुङ्गादेखि देवता थान बाटो	सिमेन्ट opc	११५९	८३०	५६२	२६८	३१०६१२	४०३८०
१४९	सुत्केरीले गाडेको ढुङ्गादेखि देवता थान बाटो	सिमेन्ट opc	१५०	८३०	६२८	२०२	३०३००	३९३९

१९७	साना किसान जाने चोक हुँदै सितल चौतारी जाने बाटो	सिमेन्ट opc	५६७	८३०	४८७	३४३	१९४४८१	२५२८३
२२५	रातामाटा मार्ग कालोपत्रे तथा ढलान उ स	सिमेन्ट opc	६६८	८३०	५६५	२६५	१७७०२०	२३०१३
२३७	सापकोटा टोल माछापुछ्रे रामजानकी सडक उ स	सिमेन्ट ppc	२२५	७२५	५७०	१५५	३४८७५	४५३४
३३१	कोईराला फाँट युवा क्लब	सिमेन्ट opc	१३६	८३०	५७५	२५५	३४६८०	४५०८
३३१	कोईराला फाँट युवा क्लब	सिमेन्ट ppc	२२	७२५	४९६	२२९	५०३८	६५५
३११	मुस्लिम मदरसा भवन सुधार	सिमेन्ट opc	६१	८३०	६१५	२१५	१३११५	१७०५
३५१	१० वडा कार्यालय भवन जाने बाटो	सिमेन्ट opc	२९५	८३०	५५०	२८०	८२६००	१०७३८
३७४	१० वडा कार्यालय भवन जाने बाटो	सिमेन्ट ppc	२७	७२५	५५०	१७५	४७२५	६१४
३७४	बजारकोट खानेपानी आयोजना	सिमेन्ट ppc	३००	७२५	६००	१२५	३७५००	४८७५
३७४	बजारकोट खानेपानी आयोजना	सिमेन्ट opc	१३५	८३०	६००	२३०	३१०५०	४०३७
३८१	वडा नं ३ अस्पताल सडक	सिमेन्ट opc	५१२	८३०	६६०	१७०	८७०४०	११३१५
३७९	सौभाग्य सदन मा वि सौचालय निर्माण	सिमेन्ट opc	२९६	८३०	५५०	२८०	८२८८०	१०७७४
३७५	हाँडीटार सिंचाई प्रणाली कुलो निर्माण	सिमेन्ट opc	२१३	८३०	५५०	२८०	५९६४०	७७५३
		सिमेन्ट ppc	४०	७२५	५५०	१७५	७०००	९१०
जम्मा								२३०२०६

असूल गर्नुपर्ने	२,३०,२०६

३८ **पेश्की बाँकी -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५० मा पेश्की दिईएको रकम तोकिएको म्याद भित्र फरस्यौट गर्नु गराउनु पेश्की लिने दिने दुवै थरीको कर्तव्य हुने उल्लेख छ । पालिकाले निम्न कर्मचारी तथा संस्थालाई दिएको पेश्की आर्थिक वर्षको अन्त्यसम्म फस्यौट नभई म्याद नाघेको पेश्की रु. २१,१२,३८० बाँकी रहेको देखिन्छ । उक्त पेश्की नियमानुसार फस्यौट गर्नुपर्ने रु.

भौचर नं.	पेश्की लिनेको नाम	प्रयोजन	पेश्की रकम
२६	राम शरण आचार्य	पानी बिजुली तथा इन्टरनेट महशुल	२००००
५५३	शिवहरी मिश्र	एकदिने स्थलगत पशुपालन तालिम	१३५०००
२१३	रितु चैधरी	किसान सूचिकरण कार्यक्रम	२३००००

२४३	अस्मिता सापकोटा	धानवाली प्रवर्धन कार्यक्रम	७७०००
८८७	कमला राना	माछाका भा छाड्ने कार्यक्रम	५००००
४९	हरिमान श्रेष्ठ	पानी विजुली	२००००
८८८	सुनिल पौडेल	पशु आहार विकास	१२००००
३२	रविन्द्र मिश्र	स्थानीय पाठ्यक्रम अभिमूखिकरण	३५०००
३२	रविन्द्र मिश्र	शिक्षक समुहबाट जर्नल प्रकाशन	२००००
३२	रविन्द्र मिश्र	FLASH REPORT प्रकाशन	१५०००
३२	रविन्द्र मिश्र	दिवस सहकार्यकलाप सञ्चालन	२५०००
१२९४	राजिव घिमिरे	नगरसभा सञ्चालन खर्च	५०००००
४२९	बुद्धिलाल तामाङ		१०००००
५०	नेपाल विद्युत प्राधिकरण		४६५३८०
७७	कुन्छा/चन्द्रेश्वर/सुन्दरबजार		१२००००
जम्मा			२११२३८०

पेश्की	२१,१२,३८०

३९ **योजना प्राथमिकीकरण -** स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागु गर्नुपर्ने उल्लेख गरेको छ । स्थानीय तहले योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची-३ मा आयोजना प्राथमिकीकरणका आधारहरू गरिबी निवारण, उत्पादनमूलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दिगो र वातावरण संरक्षण र भाषिक र साँस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना गरी प्राथमिकता आधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ। पालिकाले आर्थिक वर्ष २०७९।८० मा ११ वडाको लागि १८४ वडागत र पालिकास्तरका २७ गरी कुल २११ योजनामा बजेट विनियोजन गरेको छ।

कार्यक्रमको नाम	योजना सङ्ख्या	रु.२० लाख माथिका योजना सङ्ख्या	रु.५ लाखदेखि २० लाख सम्मका योजना सङ्ख्या	रु.५लाखभन्दा कमका योजना सङ्ख्या
पालिकास्तरीय	२७	५	२२	०
वडास्तरीय	१८४	०	२२	१६२

उपर्युक्त विवरणअनुसार पालिकाले साना र वितरणमुखी योजनाहरू सञ्चालन गरेको देखिन्छ । जसले

गर्दा सञ्चालित योजनाबाट दीर्घकालिन प्रतिफल प्राप्त नहुनका साथै चालु प्रकृतिका खर्चमा वृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ । तसर्थ पालिकाले योजना वस्तुनिष्ठ तवरले प्राथमिकीकरण र छनौट गरी प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ ।

४० **वार्षिक खरिद योजना/गुरुयोजना -** सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा कानुन बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले वार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने व्यवस्था छ । यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु. १६ करोड ३८ लाख ६ हजार पुँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ । तर पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम वार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो । अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ।

४१ **सोझै खरिद -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ बमोजिम प्रतिस्पर्धा सिमित नहुने गरी खरिद गर्नुपर्ने, सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१ मा बीस लाख रुपैयाँ भन्दा बढी लागत अनुमान भएको निर्माण कार्य, मालसामान खरिद गर्दा खुला बोलपत्रको माध्यमद्वारा र नियम ८४ मा बीस लाख रुपैयाँ सम्म लागत अनुमान भएको निर्माण कार्य, मालसामान खरिद गर्दा सिलदरबन्दी दरभाउपत्र आह्वान गरी खरिद गर्नुपर्ने व्यवस्था छ । पालिकाले निम्नानुसार भौचरबाट रु. २०,४६,३८२।०० को फर्निचर सोझै खरिद गरेको छ । यसरी सोझै खरिद गर्दा खरिद कार्य मितव्ययी हुँदैन । खरिद कानुनको पालना नभएकोले यसरी खरिद गरेको अनियमित देखिएको रु.

भौचर नं.	सप्लार्यस	बिल रकम
३८	नवदुर्गा फर्निचर उद्योग	१७५०८२
१३४	नवदुर्गा फर्निचर उद्योग	४९८३३०
१८०	नवदुर्गा फर्निचर उद्योग	१३४०४६
२६१	नवदुर्गा फर्निचर उद्योग	१४०१७६
३०८	अनुसा जिप्सन सप्लायर्स	२७०००
३३३	नवदुर्गा फर्निचर उद्योग	२८४१३८
३६२	पाल्पा भैरव फर्निचर उद्योग	२९४९३०
३६७	नवदुर्गा फर्निचर उद्योग	१९२१००
३८७	पाल्पा भैरव फर्निचर उद्योग	३००५८०
जम्मा		२०४६३८२

अनियमित भएको	२०,४६,३८२

४२ **उपभोक्ता समितीबाट खरिद तथा भुक्तानी -** सार्वजनिक खरिद नियमावलीको नियम ९७(१०) मा उपभोक्ता समिती वा लाभग्राही समुदायले पाएको काम आफैंले सम्पन्न गर्नुपर्ने तथा कुनै पनि निर्माण व्यवसायी वा सब-कन्ट्रयाक्टरबाट गराउन नमिल्ने व्यवस्था छ। पालिकाले निम्नानुसार खरिद कार्य उपभोक्ता समितिबाट गराई रकम भुक्तानी गरेको छ। पालिकाबाट सार्वजनिक खरिद ऐन तथा नियमावली बमोजिम लागत अनुमान तयार गरी प्रतिस्पर्धात्मक तवरले खरिद गर्नुपर्नेमा उपभोक्ता समितीले पेश गरेको बिलको आधारमा भुक्तानी दिई खर्च लेखेको रकम अनियमित देखिएको रु.

भौ.नं.	योजनाको नाम	रकम
९	खेलकुद सामाग्री खरीद गरी वितरण	२१४९८२
४६	ब्याक हो लोडर सञ्चालन तथा सडक सरसफाई उपभोक्ता समिति	१९८२९०
जम्मा		४१३२७२

अनियमित भएको	४,१३,२७२

४३ **उपभोक्ता समितिलाई बढी भुक्तानी -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रित पुगे नपुगेको जाँच गरेर मात्र भुक्तानी दिनुपर्ने व्यवस्था छ । मेन बजार सडक कालोपत्रे उपभोक्ता समितिको मूल्याङ्कन तथा जाँचपासमा रु. १०,००,०००।०० भुक्तानी दिने उल्लेख भएकोमा रु. ११,२४,७९५ भुक्तानी भएकोले रु. १,२४,७९५ बढी भुक्तानी भएको छ । बढी भुक्तानी भएको रकम सम्बन्धित उपभोक्ता समितिबाट असूल गर्नुपर्ने रु.

असूल गर्नुपर्ने	१,२४,७९५

४४ **जटिल प्रकृतिको काम -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७अनुसार उपभोक्ता समितिहरूलाई मेशिन, औजार उपकरणहरूको आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ । पालिकाले जटिल प्रकृतिको काम समेत उपभोक्ता समिति मार्फत गराएको पाईयो। यस्ता कार्य व्यावसायिक र अनुभवी निर्माण व्यवसायी फर्मबाट बोलपत्र प्रतिस्पर्धा मार्फत् गराउन उपयुक्त हुने देखिन्छ । यसका केही उदाहरणहरू यसप्रकार रहेका छन् :

भौचर नं.	काम/ उपभोक्ता समिति	भुक्तानी रकम (रु.)
५	मेन बजार सडक कालोपत्रे उपभोक्ता समिति	११२४७९५
२२५	रातामाटा मार्ग कालोपत्रे तथा ढलान	१३६११४३
२६८	पन्चानब्बे मार्ग कालोपत्रे थप योजना	११६२८२१

२८०	पुलचोक सडक खण्ड कालोपत्रे	१२१९६६६
३२७	किरिन्चे खोला सत्रसय थाक्ले स्टिल पुल	१५२४९९४

४५ **लागत साझेदारी -** गण्डकी प्रदेश सरकारले जारी गरेको बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकीकृत कार्यविधि, २०७७ को बुँदा नं. २९ मा उपभोक्ता सीमिति वा लाभग्राही समुदायसँग सम्झौता भई सञ्चालन हुने पूर्वाधार निर्माण सम्बन्धी काममा उपभोक्ता समितिले कार्य गर्ने गरी सम्झौतामा भएको रकमको कम्तिमा दश प्रतिशत रकम लागत सहभागिता गर्नुपर्ने व्यवस्था छ । पालिकाको अभ्यासमा समेत उपभोक्ता समितिबाट गराउने काममा न्यूनतम १० प्रतिशत लागत साझेदारी गराउने रहेको र सोही अनुसार योजना सम्झौता हुने गरेको छ । तर विद्यालयले राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम अन्तर्गत विद्यालय भवन निर्माणको काम विद्यालय व्यवस्थापन समिति मार्फत गराउने गरेकोमा लागत सहभागिता जुटाएको छैन । कार्यविधिमा विद्यालयलाई निकासा दिने उल्लेख भएकोले नियमानुसार लाग्ने कर मात्र कट्टा गरिएको पालिकाले जनाएको छ । सो बाहेक निम्नानुसार योजनाहरूको भुक्तानी गर्दा कार्य सम्पन्न रकमबाट कम्तिमा १० प्रतिशत लागत साझेदारी कट्टा गरी भुक्तानी गर्नुपर्नेमा निम्नानुसार रकम बढी भुक्तानी गरेको छ । यसबाट पालिकालाई बढी व्ययभार परेको छ । बढी भुक्तानी भएको रकम सम्बन्धित उपभोक्ता समितिबाट असूल गरी दाखिला गर्नुपर्ने रु.

भौचर नं.	योजना	कार्यसम्पन्न	हुनुपर्ने भुक्तानी	भएको	बढी
१०८	कुन्छा बजारमा रहेको पौवा मर्मत	२५३०८७	२२७७७८	२३४६५१	६८७३
११०	झरीढुङ्गा सीमखेत सिंचाई कुलो मर्मत	२०९०७९	१८८१७१	१९००२०	१८४९
२३६	निबुटे टारीखेत कुलो निर्माण	१५६४२२	१४०७८०	१४६२५०	५४७०
२४१	डि डि सी ग्राउण्ड प्रतिक्षालय निर्माण	२६५०३४	२३८५३१	२४३७५०	५२१९
२३७	साउनेपानी देवी आमा समुह तथा सचेतना भवन	२०४२४४	१८३८२०	१९२१०३	८२८३
२७७	साउनेपानी देवी आमा समुह तथा सचेतना भवन	३१२८५८	२८१५७२	२८८७५२	७१८०
२७८	मिलन आमा समुह ट्रष्ट निर्माण	२०५३३८	१८४८०४	१९२५६४	७७६०
२८२	किरिया पुत्री घर ट्रष्ट निर्माण	१४१८७६	१२७६८८	१३४८०९	७१२१
३१७	समर्पण युवा क्लब सञ्चालन तथा मर्मत	१५२८१३	१३७५३२	१४५५७१	८०३९
३३१	कोईरालाफाँट युवा क्लब भवन	८३०४१०	७४७३६९	७८००००	३२६३१
३४९	वडा नं १० सडक स्तरोन्तती	१०२९३१५	९२६३८४	९६७९६७	४१५८४
३५५	वडा नं ७ मा सिस्ने खानेपानी मर्मत	२१५०३८	१९३५३४	१९५०४२	१५०८
३६५	वडा नं. ३ को खानेपानी मर्मत	३१०४१६	२७९३७४	२९२५००	१३१२६

जम्मा	१४६६४३

असूल गर्नुपर्ने	१,४६,६४३

४६ **बैठक भत्ता -** गण्डकी प्रदेश खर्च मापदण्ड २०७९ को दफा ३ मा बैठक भत्ता प्रदान गर्ने आधारहरूमा स्पष्ट विषयवस्तु तथा कार्ययोजनाबिना बसेको बैठककमा भत्ता प्रदान नगरिने, बैठकमा आवश्यकता अनुसार बढीमा ३ जना सम्म थप व्यक्ति राख्न सकिने उल्लेख छ । त्यस्तै नेपाल सरकारको सार्वजनिक खर्चलाई मितव्ययी तथा प्रभावकारी बनाउने सम्बन्धी मापदण्ड, २०७८ को प्रकरण नं. ११ (४) मा नियमित कामको लागि बैठक भत्ता प्रदान नगरिने उल्लेख छ । यस पालिकाले विभिन्न समितिहरूको बैठकमा आवश्यकता भन्दा बढी संख्यामा व्यक्तिहरू राखी बैठक भत्ता भुक्तानी गरेको, सार्वजनिक खरिदमा पेस भएको दर रेट मूल्याङ्कनका लागि बैठक बसी भत्ता भुक्तानी गरेको, उपभोक्ता समितिबाट भएका योजनाको भुक्तानीको सिफारिस गर्न समेत समिति गठन गरी बैठक भत्ता भुक्तान गरेको देखिन्छ। त्यस्तै विभिन्न वडा समितिहरूबाट पनि शुभकामना व्यक्त गर्ने, सामान खरिद गर्ने, भुक्तानी दिने जस्ता निर्णय गरी नियमित प्रकृतिका कार्यका लागि समेत बैठक बसी बैठक भत्ता भुक्तान गरेको देखियो । यसमा सुधार गरी मापदण्ड अनुसार न्यूनतम संख्यामा मितव्ययी ढंगले बैठक बसी खर्चमा मितव्ययिता अपनाउनुपर्दछ । केही उदाहरणहरूः

भौ.नं.	समिति/बैठक	बैठक भत्ता (रु.)	कैफियत
२२४/२४२	प्राविधिक सहायक र रोजगार सहायक पदपूर्ति छनौट बैठक	७७०००	३ सदस्यीय समितिमा ७ जना सम्म उपस्थित भई भत्ता बुझेको
४२०	खरिद समिति	१७४४००	दररेट मूल्याङ्कन सम्बन्धमा बैठक
७६७	अनुगमन सुपरिवेक्षण तथा जाँचपास समिति	१३५०००	उपभोक्ता समितिबाट भएका योजनाको भुक्तानीको सिफारिस गर्नका लागि बैठक
८१२	खरिद समिति	१९५०००	पेस भएको दररेट मूल्याङकनका लागि बैठक

वडा समितिका बैठकका केही उदाहरणहरू

भौचर नं	वडा नं	बैठक मिति	बैठकको निर्णय/कैफियत
२८९	९	२०७९।६।५	बाटो मर्मत जिम्मा दिने तथा शुभकामना दिने
		२०७९।६।१४	भुक्तानी दिन नगरपालिकालाई अनुरोध गर्ने
		२०७९।७।२७	बेन्च बनाउँदा लाग्ने खर्च व्यवस्थापन
३५८	२	२०७९।७।६	खेलकुद सामग्री खरिद गर्ने
		२०७९।७।१५	टेबल कुर्ची खरिद गर्ने
		२०७९।७।३०	सामान खरिदका लागि रकम निकासा अनुरोध गर्ने
६२१	५	२०७९।८।१६	सामग्री खरिदका लागि रकम विनियोजन

		२०७९।१०।१२	रकम निकासाका लागि नगरपालिकामा अनुरोध गर्ने
६२९	१	२०७९।६।९	शुभकामना व्यक्त गर्ने
		२०७९।१०।७	कुर्सी खरिद गरी वितरण गर्ने
१०९२	१	२०८०।२।७	भुक्तानी दिने निर्णय

४७ **सफ्टवेयर खरिद -** नेपाल सरकारको सूचना प्रविधि प्रणाली (व्यवस्थापन तथा सञ्चालन) निर्देशिका, २०७१ को बुँदा नं.४.१ मा कुनै सरकारी निकायले आफ्नो कार्य विद्युतीय माध्यमबाट सञ्चालन गर्नका लागि प्रयोग गर्ने सूचना प्रविधि प्रणालीको निर्माण गर्दा त्यस्तो प्रणाली सम्बन्धी कागजात तयार गरी मानक अनुरूप भए नभएको निर्धारण गर्न सूचना प्रविधि विभागबाट स्वीकृत गराउन पर्ने व्यबस्था रहेको छ । यस पालिकाले GEOSOFT Technologies (P) Ltd. सँग सम्पत्ति कर र आय लेखा सफ्टवेयरहरूको वडा स्तरमा कार्यान्वयनका लागि सफ्टवेयर खरिदमा रु. ४,९८,३३०।०० तथा फ्रन्टलाइन नेटवर्कलाई बहाल कर र व्यवसाय करको सफ्टवेयर खरिदमा रु.२,८२,५००।०० लेखेकोमा खरिद भएका सफ्टवेयरको सूचना तथा प्रविधि विभागबाट स्वीकृत लिएको देखिएन । यस्ता सफ्वेयर स्वीकृति लिई प्रयोग गर्नुपर्दछ ।

४८ **कानुनद्वारा स्थापित नभएको समितिको बैठक भत्ता -** गण्डकी प्रदेश खर्च मापदण्ड २०७९ को दफा ३ मा कानुन तथा कुनै निर्णय एवं आदेशबाट गठित समिति वा कार्यदलको बैठकका लागि मात्र भत्ता प्रदान गरिने व्यवस्था छ । पालिकाले कानुनद्वारा स्थापित नभएको किसान सूचीकरण कार्यक्रममा सहजकर्ता नियुक्तिका लागि बैठक राखी रु.४७,०००।०० भुक्तानी गरेको देखिएकोले कर बाहेक बैठक भत्ता सम्बन्धितबाट असूल गर्नुपर्ने रु.

असूल गर्नुपर्ने	३९,९५०

४९ **शुभकामना प्रकाशन/प्रशारण -** अर्थ मन्त्रालयबाट जारी भएको सार्वजनिक खर्चलाई मितव्ययी तथा प्रभावकारी बनाउने सम्बन्धी मापदण्ड, २०७८ को दफा ६(२) मा सरकारी खर्चमा शुभकामना कार्ड छपाई गर्न तथा शुभकामना सन्देश प्रकाशन वा प्रसारण गर्न नपाइने व्यवस्था छ । पालिकाले विभिन्न अवसरमा पत्रपत्रिका तथा सञ्चार माध्यममा शुभकामना सन्देश प्रकाशित गरेको छ । यस किसिमको खर्चले उत्पादनमुखी एवं रोजगारमूलक क्षेत्रमा गर्नुपर्ने खर्च एवं लगानीमा कटौती गर्नुपर्ने हुँदा यस्तो अनुत्पादक खर्चमा नियन्त्रण गरी सार्वजनिक खर्चलाई मितव्ययी र प्रभावकारी बनाउनुपर्दछ । केही उदाहरणहरू निम्नानुसार छन् ।

भौचर नं.	विषय	भुक्तानी भएको पक्ष	रकम (रु.)
१५५	दशैं तिहार शुभकामना	स्वतन्त्र शक्ति सासाहिक	१५०००
२४३	विजयादशमी र दिपावलीको शुभकामना	सारङ्गी न्युज नेटवर्क प्रा.लि.	१००००
८७१	भित्तेपात्रोमा शुभकामना	लमजुङ पोखरा सम्पर्क समिति	१००००
८९९	भित्तेपात्रोमा शुभकामना	लमजुङ उद्योग वाणिज्य संघ	२५०००
११२१	भित्तेपात्रोमा शुभकामना	महर्षि मुद्गल प्रतिष्ठान	१००००

११९४	शुभकामना	नयाँ प्रकाशन प्रा.लि.	५०००

५० **लगत कट्टा भएका व्यक्तिको भत्ता निकासा -** सामाजिक सुरक्षा नियमावली, २०७६ को नियम १३ मा सामाजिक सुरक्षा पाउने व्यक्तिको मृत्यु भएमा वा त्यस्तो सामाजिक सुरक्षा भत्ता पाउन योग्य नरहेमा उक्त लाभग्राहीलाई भत्ता पाउने सूचीबाट हटाई लगत कट्टा भएको दिनदेखि भत्ता दिन रोक्नुपर्ने व्यवस्था भएकोमा पालिकाले त्रैमासिक भत्ता वितरण गर्दा देहाएका व्यक्तिको लगत कट्टा पश्चात पनि भत्ता निकासा गरेको र बैङ्कले पठाएको फिर्ताको विवरणमा पनि फिर्ता नभई जम्मा भएको देखिएकोले उक्त सामाजिक सुरक्षा भत्ता असूल गरी सङ्घीय सञ्चित कोष दाखिला गर्नुपर्ने रु.

वडा नं.	नाम	किसिम	लगत कट्टा हुनुपर्ने मिति	कुल भुक्तानी	बढी भुक्तानी	कैफियत
२	तीलु माया खड्का (२००८०२१५०११९३)	अ. जे. ना	२०७९।०८।०१	१२,०००	६,०००	दोस्रो त्रैमासिक
४	सुकुमाया वसेल (२००११०१५०४७२४)	अ. जे. ना	२०७९।०७।२४	१२,०००	८,०००	दोस्रो त्रैमासिक
४	मैयमदेवी खनिया (२००११०१५०४७२४)	अ. जे. ना	२०७९।०७।०२	२४,०००	२४,०००	दोस्रो र तेस्रो त्रैमासिक
जम्मा					३८,०००	

असूल गर्नुपर्ने	३८,०००

५१ **शिक्षक विद्यार्थी अनुपात -** स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरूमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ। यस स्थानीय तह अन्तर्गत विभिन्न तहका सामुदायिक विद्यालयहरूको शिक्षक दरबन्दी र पदपूर्तिको अवस्था एवं विद्यार्थीको संख्या निम्नानुसार रहेको देखिन्छ।

१. स्थानीय तह मातहतमा रहेका ४२ विद्यालयमा २८४ शिक्षक दरबन्दी रहेकोमा २८४ नै पदपूर्ति भएको र पदपूर्ति मध्ये ७४ करारमा देखिन्छ । दरबन्दी अनुसारको स्थायी शिक्षक पदपूर्ति हुनुपर्दछ।

२. अनुसूची अनुसारको विद्यार्थी संख्याको तुलनामा शिक्षक बढी भएकोबाट कम भएको विद्यालयमा शिक्षकको दरबन्दी मिलान एंव न्यून विद्यार्थी भएका विद्यालयहरू सम्भाव्यताका आधारमा मर्ज गर्नुपर्दछ।

(विस्तृत विवरण बेरूजु दफा ५१ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)

५२ **छात्रवृत्ति -** कार्यक्रम कार्यान्वयन पुस्तिका २०७९।८० अनुसार पालिकाले सार्वजनिक विद्यालयमा अध्ययनरत विद्यार्थी हरूका लागि छात्रवृत्ति अनुदान ईमिस डाटा अनुसार स्वीकृत दररेट बमोजिम उपलब्ध गराएकोमा लेखापरीक्षण अवधि सम्म १५ वटा विद्यालयले विद्यार्थीलाई छात्रवृत्ति वितरण गरेको भरपाई पेश नगरेकोले सम्बन्धित विद्यालयहरूबाट आवश्यक प्रमाण कागजात सङ्कलन गरी पेश गर्नुपर्ने रु.

भौचर नं.	विवरण	रकम
२२७	छात्रवृत्ति अनुदान	३,१५,२००।००

प्रमाण पेश नगरेको	३,१५,२००

५३ **पाठ्यपुस्तक -** पालिकाले कार्यक्रम कार्यान्वयन पुस्तिका २०७९।८० अनुसार सार्वजनिक ३३ विद्यालयहरूका विद्यार्थीका लागि निशुल्क पाठ्यपुस्तक अनुदान बापत रु. १९,९२,१२९।०० उपलब्ध गराएकोमा लेखापरीक्षण अवधिसम्म सम्बन्धित १५ वटा विद्यालयले उक्त पाठ्यपुस्तक विद्यार्थीहरूले बुझेको भरपाई पेश नगरेकोले वास्तविक खर्च बारे यकिन हुन सकिएन। पालिकाले सम्बन्धित २४ विद्यालयबाट आवश्यक प्रमाण कागजात प्राप्त गरी पेश गर्नुपर्ने रु.

प्रमाण पेश नगरेको	१०,०५,४७१

५४ **स्यानिटरी प्याड -** स्यानिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि २०७६ को दफा ४ मा पालिकाले खरिद गरेको स्यानिटरी प्याड गुणस्तरमा कमी नआउने गरी भण्डारण गर्नुपर्ने उल्लेख छ। साथै दफा ५ मा स्यानिटरी प्याड त्रैमासिक चौमासिक वा अर्धवार्षिक रूपमा वितरण गर्न सकिने उल्लेख छ। पालिका भित्रका सामुदायिक विद्यालयहरूमा कक्षा ६ भन्दा माथिका छात्रा विद्यार्थीहरू २५४८ जना रहेका छन्। पालिकाले भौ.नं. २०९ बाट १०,१७० थान स्यानिटरी प्याड रु. ९,९९,८१३।०० (मु.अ. कर समेत) मा खरिद गरेको छ। खरिद गरिएका प्याडहरू भण्डारण गर्दा गुणस्तरमा कमी नआउने गरी सुरक्षित रूपमा राखेको पाइएन साथै पालिकाद्वारा विद्यालयमा उक्त प्याडको प्रयोग र व्यवस्थापन सम्बन्धमा अनुगमन गर्नुपर्दछ।

५५ **नमुना मा. वि. अनुदान -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रित पुगे नपुगेको जाँच गरेरमात्र भुक्तानी दिनुपर्ने व्यवस्था छ । पालिकाले भक्ति नमुना मा.वि. लाई शैक्षिक तर्फको अनुदान बापत रु.५०,००,०००।०० निकासा दिएकोमा रु. ३९,०६,६०४।०० को मात्र खर्च विवरण पेश भएको छ । बाँकी रकम विद्यालयको गुरुयोजना अनुसार उपयोग गरी खर्चको प्रमाण पेश गर्नुपर्ने अन्यथा असूल गर्नुपर्ने रु.

खर्च विववरण	खर्च रकम
बस खरिद	३१३८९०१
शैक्षिक सामाग्री प्रदशनि	२००१४०
शैक्षिक सामाग्री निर्माण	१६१९४३
शैक्षिक भ्रमण	४०५६२०
बचत	१०९३३९६

प्रमाण पेश नगरेको	१०,९३,३९६

५६ **प्र. अ. र शिक्षकका लागि विद्यालय मार्फत प्रोत्साहन अनुदान -** कार्यक्रम कार्यान्वयन पुस्तिका, २०७९।८० बमोजिम नमुना विद्यालयमा कार्यसम्पादन करारका आधारमा प्र. अ. र शिक्षकका लागि विद्यालय मार्फत प्रोत्साहन अनुदान बापतको रकम उपलब्ध गराउँदा कार्यसम्पादन सम्झौता बमोजिमको व्यवस्थापन समितिको सिफारिस प्राप्त भएपछि मात्र स्थानीय तहले अनुदान उपलब्ध गराउनुपर्ने व्यवस्था रहेकोमा पालिकाद्धारा भक्ति माध्यमिक विद्यालयलाई उक्त अनुदान बापत रु.२,००,०००।०० उपलब्ध गराएकोमा विद्यालयबाट व्यवस्थापन समितिको उपलव्धिको सिफारिस बिना नै भुक्तानी दिएकोले आवश्यक प्रमाण कागजात पेश हुनुपर्ने रु.

प्रमाण पेश नगरेको	२,००,०००

५७ **HMIS tools** - मिति २०७९।०७।२४ गते पालिका र लिबर्टि ई सोलुशन बीच सम्झौता भई HMIS tools कार्यान्वयन गर्न पालिकाद्धारा रु. १,९५,५००।०० भुक्तानी भएको छ। लिबर्टि ई सोलुशनले HMIS tools हस्तान्तरण गरी प्रत्येक १३ बाट संस्थाका एक-एक जनालई उक्त सफ्टवेयर सञ्चालन सम्बन्धी तालिम उपलब्ध गराएकोमा लेखापरीक्षण अवधिसम्म पनि उक्त सफ्टवेयर सञ्चालनमा नआएकोले खर्च अनियमित देखिएको रु.

अनियमित भएको	१,९५,५००

५८ **औषधी खरिद -**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८५ को उपनियम १(क) मा बिस लाख रुपैयाँसम्मको औषधिजन्य मालसामान उत्पादकले राष्ट्रिय स्तरको समाचार पत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था छ। स्थानीय तहले विभिन्न फर्महरूबाट रु. १२ लाख ५३ हजार ८२६ को औषधि ईभिडिङद्धारा खरिद गरेको छ। यस सम्बन्धी देखिएको व्यहोराहरू निम्नानुसार छन्ः

- आपूर्ति हुने औषधि डव्लु.एच.ओ. प्रमाणित (Certified) हुनुपर्ने, औषधिको उत्पादन मिति, ब्याच नं. र म्याद समाप्त मिति उल्लेख गरी सम्बन्धित विषय विज्ञबाट मुचुल्का उठाई राख्ने नगरेको,

- औषधिको खरिद आपूर्ति दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने तोकिएको गुणस्तर अनुसारकै औषधि प्राप्त भएको नभएको यकिन गरी हस्तान्तरण तथा खरिद गरिएको औषधिको विवरण खुल्ने गरी अभिलेख राख्ने तथा आर्थिक वर्षको अन्त्यमा बाँकी रहेको औषधिहरू LMIS मा प्रविष्ट गरि जिन्सी अभिलेख व्यवस्थित गर्नेतर्फ ध्यान दिनुपर्दछ।

५९ **अनुदान रकम निकासा -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २४ (२) मा सरकारी रकम खर्च गर्दा साधन स्रोतको उच्चतम प्रतिफल प्राप्त हुने र प्राप्त प्रतिफलको उचित गुणस्तर समेत कायम हुने गरी मितव्ययी तरिकाले गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष कार्यविधि

तयार नगरी भोटेओडार आँखा उपचार केन्द्र र शहरी स्वास्थ्य केन्द्र सञ्चालनको लागि रु. ७,७५,००० सोझै अनुदान रकम निकासा गरेको छ । यसरी आन्तरिक स्रोतको सुनिश्चितता नगरी संस्थालाई अनुदान रकम उपलब्ध गराउँदा पालिकालाई थप व्ययभार पर्न जाने देखिन्छ । साथै अनुदान दिएको रकमको के-कसरी खर्च गर्ने भनी कुनै कार्यविधि तयार नगरी कार्यपालिकाको निर्णयबाट रकम उपलब्ध गराउने एवं सो खर्चको मापदण्ड र अनुगमन समेत नहुँदा अनुदानको गलत उपयोग समेत हुन सक्ने हुँदा यसतर्फ पालिकाले ध्यान दिनुपर्ने देखिन्छ ।

६० **कृषि तथा पशुमा अनुदान -** सरकारी अनुदान रकमको वितरण, सदुपयोग सही एवं समुचित तरिकाले गरी खर्चको सार्वजनिकीकरण एवं अनुगमन हुनुपर्दछ र सो को प्रभावकारिता मापन गर्ने संयन्त्र विकास गरी उत्पादन तथा उत्पादकत्वमा वृद्धि आए नआएको सम्बन्धमा प्रतिवेदन पेश गर्नुपर्दछ। साथै अनुदानमा बिउ वितरण गर्दा जग्गाको स्वामित्व हेरेर मात्र वितरण गर्नुपर्दछ। पालिकाबाट प्राप्त विवरण अनुसार यस वर्ष सञ्चालित कार्यक्रमहरू देहाय बमोजिम छन्:

भौचर नं.	विवरण	अनुदान रकम (रु.)
२०	७५ प्रतिशत अनुदानमा खाली मौरीको घार वितरण कार्यक्रम	३,७२,०००
२०	७५ प्रतिशत अनुदानमा मह मदानी वितरण कार्यक्रम	३९,६००
२४	७५ प्रतिशत अनुदानमा सिलपोलिन प्लाष्टिक वितरण कार्यक्रम	३,७०,५००
३९९	५० प्रतिशत अनुदानमा तरकारीबाली पकेट विकास कार्यक्रम	१,२२,१०७
३५६	५० प्रतिशत अनुदानमा धानबाली प्रवर्धन कार्यक्रम	४,४४,०२५
३५५	५० प्रतिशत अनुदानमा धानबाली प्रवर्धन कार्यक्रम	४,४६,४२१
३५४	५० प्रतिशत अनुदानमा धानबाली प्रवर्धन कार्यक्रम	४,४९,७५०
२८२	५० प्रतिशत अनुदानमा खाद्यान्न बालीको उन्नत विउ उपयोग कार्यक्रम	२,५२,८३५
२११	५० प्रतिशत अनुदानमा तेलहन प्रवर्धन कार्यक्रम	१,०४,८२५

- अनुदानको सही सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन प्रभावकारी छैन भने अनुदान पश्चातको उपलब्धी मापन गरेको छैन। अनुदानबाट प्राप्त लाभको विश्लेषण गरी आगामी दिनमा अनुदानको कार्यक्रम सञ्चालन गर्नुपर्ने देखिन्छ। अनुदान रकम विभिन्न तरिकाबाट साना साना कार्यक्रम बनाई वितरण गर्दा अपेक्षित प्रतिफल प्राप्त नहुने र यसले उत्पादकत्वमा समेत वृद्धि नगर्ने हुँदा ठुला अनुदानका कार्यक्रम सञ्चालन गरी कृषि पेशालाई आकर्षित गर्नुपर्ने देखिन्छ। साथै अनुगमन प्रभावकारी बनाई दोहोरो (संघ, प्रदेश तथा स्थानीय तह) परे नपरेको यकिन गरी दोहोरो नपर्ने गरी अनुदानको कार्यक्रम संचालन गर्नुपर्दछ ।

- कृषि तथा पशु पालन क्षेत्रमा आत्मनिर्भर बनाउन सरकारले कृषि बीमा तथा पशु बीमामा अनुदानका

कार्यक्रम सञ्चालन गर्दै आइरहेको छ। पालिकाले कृषि क्षेत्र तथा पशु क्षेत्रमा विभिन्न अनुदान दिएकोमा अनिवार्य बीमा गरेमा मात्र अनुदान दिने नीति तय गर्नुपर्नेमा बीमा गर्ने गराउनेतर्फ पालिकाले ध्यान नदिइ अनुदानका कार्यक्रम मात्र सञ्चालन गरेको देखियो। एक सरकारले ल्याएको नीतिलाई अर्को सरकारले सहयोग गर्ने गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्दछ।

- विषादीको सम्बन्धमा कृषकलाई जनचेतनामूलक कार्यक्रम सञ्चालनतर्फ पालिकाले जोड नदिएको पाईएकोले सोमा जोड दिन आवश्यक छ।

- हरेक वडामा कम्तीमा एक हाते ट्र्याक्टर मर्मत गर्ने प्राविधिक भएमा बिग्रिएका ट्र्याक्टर गाउँमै थोरै खर्चमा मर्मत गर्न सकिने भएकोले हाते ट्र्याक्टर मर्मत तालिम वडामा सञ्चालन गर्नु आवश्यक देखिन्छ।

- पशुपन्छी औषधी निशुल्क वितरण गरिने हुँदा कृषकहरूले दोहोरो औषधी बुझी लिने गरेको पाइएकोले पालिकाले औषधी वितरणमा रहेको दोहोरोपना हटाई कृषकलाई औषधी सचेतना सम्बन्धी कार्यक्रममा ध्यान दिनुपर्दछ।

- पशु स्वास्थ्य शिविर कार्यक्रममा प्रयोगशालाका सामग्रीहरू ढुवानी गर्ने बाकसका अभावका कारण सामग्रीको व्यवस्थित ढुवानी भएको पाइएन, त्यसतर्फ पालिकाले ध्यान दिन आवश्यक छ।

- पालिकाको कृषि शाखाबाट किसानलाई बिउ बिजन वितरण गर्दा वडा अध्यक्षलाई हस्तान्तरण गर्ने गरेकोले शाखाले सम्बन्धित किसानलाई हस्तान्तरण गर्नुपर्दछ।

६१ **प्रधानमन्त्री रोजगार कार्यक्रम -** स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवं सामुदायिक पूर्वाधारहरूको विकास मार्फत नागरिकको जीवन यापनमा सुधार ल्याउने उद्देश्यले स्थानीय तह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ। यस कार्यक्रम अन्तर्गत स्थानीय तह भित्रका वडाहरूमा नगर सरसफाई, नाली खन्ने, पहिरो सफा गर्ने, ग्याविन जाली भर्ने तथा बाटो निर्माण काम लगायतका १२ निर्माणका कार्य सञ्चालन गरी यस वर्ष ८१ जनालाई रोजगारी उपलब्ध गराई कुल ज्याला रु. ४१ लाख ९५ हजार खर्च गरेको छ। लक्षित वर्गलाई औसत ७६ दिन सम्म रोजगारी उपलब्ध गराई श्रमिक ज्याला, प्रशासनिक र कार्यक्रम खर्च समेत खर्च लेखेका छन्। उक्त खर्चबाट लक्षित वर्गमा अल्पकालिन रोजगारी सृजना भएता पनि कामको दिगोपना तथा दीर्घकालिन रोजगारी सिर्जना भएको देखिँदैन। कामको गुणस्तर, दिगोपना र दीर्घकालिन रोजगारी सिर्जनामा ध्यान दिनुपर्दछ ।

६२ **लघु उद्यम विकास कार्यक्रम -**

६२.१ **प्रविधि हस्तान्तरण -** गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम सञ्चालन निर्देशिका, २०७७ को दफा ४१(३) अनुसार प्रविधि हस्तान्तरण सम्बन्धी प्रक्रियामा उद्यमीलाई प्रदान गरिने प्रविधिको कुल रकममा कार्यालयले प्रविधि प्राप्त गर्ने उद्यमीबाट आपूर्तिकर्ताले कबोल गरेको कुल अङ्कको कम्तीमा बिस प्रतिशत रकम जम्मा गर्न लगाई बढीमा असी प्रतिशत रकम मात्र कार्यालयले आपूर्तिकर्तालाई भुक्तानी गर्नु पर्ने व्यवस्था छ। पालिकाले १० वटा सिलाई कटाई मेसिन रुवी साईकल सेन्टरबाट कुल रु. १,४७,७५०।०० मा खरिद गरी लाभग्रहीलाई बीस प्रतिशत रकम जम्मा गर्न नलगाई १०० प्रतिशतमै

रकम मेसिन हस्तान्तरण गरेकोले २० प्रतिशत बापतको रकम सम्बन्धितबाट असूल गरी सङ्घीय सञ्चित कोषमा दाखिला गर्नुपर्ने रु.

असूल गर्नुपर्ने	२९,५५०

६२.२ **डलकुशन सम्बन्धी तालिम -** गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम सञ्चालन निर्देशिका, २०७७ को दफा ३९ मा तालिमबाट उत्पादित सामान वा वस्तुहरूको व्यवस्थित अभिलेख राखी त्यस्ता उत्पादन सामाग्रीहरू प्रशिक्षण अवधिभित्रै परल मूल्यको पचास प्रतिशत छुट मुल्यमा सहभागीलाई नै बिक्री गरि प्राप्त रकम राजश्व खातामा दाखिला गर्नु पर्ने तथा कहीं पनि उक्त सामान बिक्री नभएमा स्टोर दाखिला गरि यथाशीघ्र लिलाम बिक्री गर्नुपर्ने व्यवस्था रहेको छ। पालिकाले डलकुशन सम्बन्धी पुर्नताजकी सिप विकास तालिम सञ्चालनमा रु. ६२,५८५।०० को कच्चा पदार्थ खरिद गरी डलकुशन निर्माण गरेकोमा उक्त डलकुशन बिक्री नगरी लेखापरीक्षण अवधिसम्म स्टोरमा मौज्दात राखेको पाइएकोले उक्त मालसामान लिलाम बिक्री गरी प्राप्त हुन आउने रकम सङ्घीय सञ्चित कोषमा दाखिला गर्नुपर्दछ।

६३ **गरिबसँग विश्वेश्वर कार्यक्रम-** गरिबसँग विश्वेश्वर कार्यक्रम कार्यान्वयन निर्देशिका, (तेस्रो संसोधन) २०६६ अनुसार यस पालिकामा सञ्चालन भएको गरिबसँग विश्वेश्वर कार्यक्रममा रहेको कुल बजेट रु.४,६५,०००।०० मध्ये रु.४,५२,५२०।०० खर्च भएको छ। उक्त खर्च मध्ये सामाजिक परिचालकको तलब मात्र रु. १,९५,०००।०० अर्थात ४३.०९ प्रतिशत खर्च भएको देखिन्छ। बाँकी रकम मध्येबाट २६ वटा मौरी सहितको घार रु.२,३४,०००।०० मा खरिद गरी २६ जना लाभग्राहीलाई वितरण गरिएको छ। वितरण गरिसकेपछि त्यसको अवस्था र उपलब्धी बारे अनुगमन गरी प्रतिवेदन पेश नभएकोले उक्त कार्यक्रम लक्ष्योमुखी भएको यकिन हुन सकिएन। कार्यक्रमको आवश्यकता र औचित्य माथि छलफल गरी अघि बढ्नुपर्ने देखिन्छ ।

६४ **आयुर्वेद तर्फ -** कार्यक्रम सञ्चालन निर्देशिका २०७९।८० बमोजिम आयुर्वेद शाखाले विभिन्न कार्यक्रम सञ्चालन गर्दा तपसील बमोजिमका व्यहोराहरू रहेको देखिन्छ।

- विभिन्न औषधिहरू खरिद गरेकोमा औषधिको लागत अनुमान तयार गर्दा स्टोर मौज्दात उल्लेख नगरी तयार गरेको छ। तत् सम्बन्धमा पालिकाले ध्यान दिन आवश्यक छ।

भौचर नं.	फर्म	विधि	रकम (रु.)
३७६	ओशोपथ आयुर्वेद फर्मा	कोटेशन	५१७१२५
३७८	ओशोपथ आयुर्वेदफर्मा	सोझै	५००००
३७९	ओशोपथ आयुर्वेदफर्मा	सोझै	५००६०
३८६	ओशोपथ आयुर्वेद फर्मा	कोटेशन	३५०८२१
३८७	ओशोपथ आयुर्वेद फर्मा	सोझै	७४८८०
३८८	ओशोपथ आयुर्वेद फर्मा	कोटेशन	२०००००

- आयुर्वेद शाखाको भवन निर्माण सम्पन्नमा ढिलाई भएको कारण भाडाको भवनमा बस्नुपर्ने साथै सेवा प्रवाहमा अप्ठ्यारो परेको देखिएकोले भवन सम्पन्न गर्नेतर्फ पालिकाले कदम चाल्नुपर्दछ।

- औषधि खरिद गरी पालिका भवनमा ढुवनी गर्ने र पुनः पालिका भवनबाट आयुर्वेद शाखा सिन्दुरेमा उक्त औषधि ढुवानी गरी ढुवानीमा दोहोरो खर्च गर्ने गरेको पाइयो। औषधि खरिद बखत सिधै आयुर्वेद शाखा सिन्दुरेमा ढुवानीको व्यवस्था गर्नुपर्दछ।

६५ **सुन्दरबाजार अस्पताल तर्फ -** नगरपालिका अन्तर्गत सुन्दरबजार अस्पताल स्थापना भई आर्थिक वर्ष २०७५।७६ देखि सञ्चालन हुँदै आएको छ । नगरपालिकाबाट प्राप्त अनुदान, विभिन्न संस्थाहरूबाट प्राप्त अनुदान तथा अस्पतालको आन्तरिक आम्दानीबाट अस्पताल सञ्चालन भई रहेको छ। अस्पताल स्थापना भए देखिनै लेखापरीक्षण नभएकोमा नगरपालिकाको मिति २०८०।९।२३ को पत्रबाट अन्तिम लेखापरीक्षणको लागि अनुरोध भए बमोजिम अस्पतालको लेखापरीक्षण गरिएको छ । अस्पतालको आय व्यय विवरण निम्नानुसार छ ।

६५.१ सुन्दरबजार अस्पताल, सुन्दरबजार,लमजुङ

एकीकृत आ.वि, आ.व. २०७५/७६

क.सं.	आयतर्फ			क.सं.	व्ययतर्फ		
	विवरण	रकम	जम्मा रकम		विवरण	रकम	जम्मा रकम
१	गत वर्षको जिम्मेवारी		१८१०११८.००		खर्च		९६५०८०.००
	क) नगद	०		१		९६५०८०.००	
	ख) बैङ्क	१८१०११८.००		२	बैङ्क मौज्दात		२०१२५६०.९९
२	राजस्व (आन्तरिक आय)		११६७५२२.९९	३	सुन्दरबजार अस्पताल	१९३९७२०.९९	
	क) आन्तरिक राजस्व	११६७५२२.९९		४	फार्मेसी	७२८४०.००	
जम्मा		२९७७६४०.९९	२९७७६४०.९९		जम्मा	२९७७६४०.९९	२९७७६४०.९९

६५.२ सुन्दरबजार अस्पताल, सुन्दरबजार,लमजुङ

एकीकृत आ.वि, आ.व. २०७६/७७

क.सं.	आय तर्फ	क.सं.	व्यय तर्फ

	विवरण	रकम	जम्मा रकम		विवरण	रकम	जम्मा रकम
१	गत वर्षको जिम्मेवारी		२०१२५६०.९९		खर्च		१८४५५६५.००
	क) नगद	०		१	सुन्दरबजार अस्पताल	१८४५५६५.००	
	ख) बैङ्क			२	फार्मेसी	०.००	
	सुन्दरबजार अस्पताल	१९३९७२०.९९			बैङ्क मौज्दात		२२६५५४२.५७
	फार्मेसी	७२८४०			सुन्दरबजार अस्पताल	१८८०५८२.५७	
२	राजस्व (आन्तरिक आय)		२०९८५४६.५८	३	फार्मेसी	३८४९६०	
	सुन्दरबजार अस्पताल	१७८६४२६.५८					
	फार्मेसी	३१२१२०					
जम्मा		४१११९०७.५७	४१११९०७.५७		जम्मा	४१११९०७.५७	४१११९०७.५७

६५.३ सुन्दरबजार अस्पताल, सुन्दरबजार,लमजुङ

एकीकृत आ.वि, आ.व. २०७७/७८

क्र.सं.	आय तर्फ			क्र.सं.	व्यय तर्फ		
	विवरण	रकम	जम्मा रकम		विवरण	रकम	जम्मा रकम
१	गत वर्षको जिम्मेवारी		२२६५५४२.५७		खर्च		५८७७९०५.००
	क) नगद	०		१	सुन्दरबजार अस्पताल	५८७७९०५.००	
	ख) बैङ्क			२	फार्मेसी	०.००	
	सुन्दरबजार अस्पताल	१८८०५८२.५७			बैङ्क मौज्दात		२८०२५४५.५२
	फार्मेसी	३८४९६०			सुन्दरबजार अस्पताल	२१८८५८५.५२	
२	राजस्व		६४१४९०७.९५	३	फार्मेसी	६१३९६०	

	(आन्तरिक आय)						
	सुन्दरबजार अस्पताल	६१८५९०७.९५					
	फार्मेसी	२२९०००					
जम्मा		८६८०४५०.५२	८६८०४५०.५२		जम्मा	८६८०४५०.५२	८६८०४५०.५२

६५.४ सुन्दरबजार अस्पताल, सुन्दरबजार,लमजुङ

एकीकृत आ.वि, आ.व. २०७८/७९

सि.नं.	आय तर्फ			सि.नं.	व्यय तर्फ		
	विवरण	रकम	जम्मा रकम		विवरण	रकम	जम्मा रकम
१	गत वर्षको जिम्मेवारी		२८०२५४५.५२	१	खर्च		४०३१५६०.००
	क) नगद	०.००			क) सुन्दरबजार अस्पताल	३५२०१३३.००	
	ख) सुन्दरबजार अस्पताल	२१८८५८५.५२			ख) फार्मेसी	५११४२७.००	
	ग) फार्मेसी	६१३९६०.००		२	बैङ्क मौज्दात	०.००	१८७०६५०.०६
२	राजस्व (आन्तरिक आय)		३०९९६६४.५४		क) सुन्दरबजार अस्पताल	१५६२११७.०६	
	क) सुन्दरबजार अस्पताल	२८९३६६४.५४			ख) फार्मेसी	३०८५३३.००	
	ख) फार्मेसी	२०६०००.००					
जम्मा		५९०२२१०.०६	५९०२२१०.०६		जम्मा	५९०२२१०.०६	५९०२२१०.०६

६५.५ सुन्दरबजार अस्पताल, सुन्दरबजार,लमजुङ

एकीकृत आ.वि, आ.व. २०७९/८०

क्र.सं.	आय तर्फ	क्र.सं.	व्यय तर्फ

	विवरण	रकम	जम्मा रकम		विवरण	रकम	जम्मा रकम
१	गत वर्षको जिम्मेवारी		१८७०६५०.०६	१	खर्च		४४८२९६७.००
	क) नगद	०			क) सुन्दरबजार अस्पताल	४५७२३३७.००	
	ख) सुन्दरबजार अस्पताल	१५६२११७.०६			ख) फार्मेसी	०	
	ग) फार्मेसी	३०८५३३.००		२	बैङ्क मौज्दात		१८७६४२१.०६
२	राजस्व (आन्तरिक आय)		४४८८७३८.००		क) सुन्दरबजार अस्पताल	१४२६८८८.०६	
	क) सुन्दरबजार अस्पताल	४३४७७३८.००			ख) फार्मेसी	४४९५३३.००	
	ख) फार्मेसी	१४१०००.००					
जम्मा		६३५९३८८.०६	६३५९३८८.०६		जम्मा	६४४८७५८.०६	६३५९३८८.०६

६६ **पकेट कार्यक्रम -** प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, परियोजना कार्यान्वयन म्यानुअल, २०७७ को बुँदा ४.१.८ बमोजिम पकेट क्षेत्र निर्धारण गरी कार्यक्रम सञ्चालन गर्नु पर्ने व्यवस्था छ । साथै उक्त म्यानुअलको बुँदा ४.१.९.२ को क्रियाकलापका सूचीमा मात्र स्थानीय तहले खर्च गर्नुपर्ने व्यवस्था छ । सङ्घीय सशर्त अनुदानबाट सुन्दरबजार नगरपालिकाको वडा नं. ३,१० र ११ वडा रहेका दुरा जाति र दलित कृषकहरूको लागि कृषि तथा पशुपालन पकेट विकास कार्यक्रमको अन्तर्गत निम्नानुसार (अनुसूचीमा संलग्न) रु. ३९,९८,७२२।०० को कृषि सामाग्री, मौरीको घार तथा बिउ बिजन वितरण गरेको छ । तर पालिकाबाट वितरण भएको अनुदानको सही सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलब्धि मापन गरेको छैन । सञ्चालित कार्यक्रमको अनुगमन मूल्याङ्कन गरी कार्यक्रमलाई थप प्रभावकारी बनाउनु पर्दछ ।

(विस्तृत विवरण बेरूजु दफा ६६ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)

६७ **कोभिड-१९ प्रतिकार्य कोष -** कोभिड-१९ केश अनुसन्धान, पहिचान, परामर्श,फ्लोअप, नमुना सङ्कलन वा द्रुत परीक्षण, रेकर्डिङ, रिपोर्टिङ लगायतका कार्यका लागि कोरोना (कोभिड-१९) प्रतिकार्य कोषको स्थापना भएको देखिन्छ तर पालिकाले कोभिड प्रकोप न्यून भईसकेको अवस्थामा २ जना जनस्वास्थ्य अधिकृत कर्मचारीलाई वर्षभरि नै राखी निजहरूको तलब भत्तामा रु.११ लाख ५७ हजार खर्च लेखेको छ। सम्झौता अनुसार गरेको कार्यको अभिलेख राखी तलब भत्ता खर्च लेख्नुपर्नेमा अभिलेख बेगर नै तलब खर्च भुक्तानी गरेको अनियमित देखिएको रु.

अनियमित भएको	११,५७,०००

६८ **दोहोरो अनुगमन सुविधा -** गाउँसभा, नगरसभा र जिल्ला समन्वय समितिका सदस्यले पाउने सुविधा सम्बन्धी ऐन, २०७६ को दफा ३ मा पदाधिकारी र सदस्यले आफू निर्वाचित भई पदभार ग्रहण गरेको मितिदेखि स्थानीय तहको आन्तरिक स्रोत समेतको आधारमा अनुसूची बमोजिमको रकममा नबढ्ने गरी यस ऐनमा उल्लेख भएको सुविधा पाउने व्यवस्था छ। त्यस्तै दफा १६ मा कुनै पनि सदस्यले यस ऐनले निर्धारण गरेको सुविधा बाहेक अन्य सुविधा नपाउने व्यवस्था छ। यस स्थानीय तहले सुन्दरबजार नगरपालिका उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि,२०७५ निर्माण गरी नगर उपप्रमुखको संयोजकत्वमा समितिको गठन गरी अनुगमन जाने समितिका सदस्यहरूलाई खाजा खाना र अनुगमन भत्ता समेत उपलब्ध गराउने गरी कार्यविधिमा संशोधन गरी पदाधिकारी/सदस्यलाई योजनाको अनुगमनमा गए बापत अनुगमन भत्ता दिएको छ । ऐन बमोजिम पदाधिकारी/सदस्यलाई मासिक रूपमा अनुगमन सुविधा भुक्तानी भएकोमा कार्यविधि निर्माण गरी अनुगमनमा गएबापत थप अनुगमन भत्ता दिनु दोहोरो पर्नजाने देखिन्छ। दोहोरो भुक्तानी भएको रकम असूल गर्नुपर्ने रु.

भौचर नं.	कार्यक्रमको नाम	पदाधिकारी तथा सदस्यको नाम	पद	कर बाहेकको रकम
३३	तेलहन बाली प्रवर्धन कार्यक्रम	श्री भवानी के. सी.	उप प्रमुख	१,७००
३१२	एकीकृत बाख्रा पालन कृषक समूह निरन्तरता कार्यक्रम	श्री भवानी के. सी.	उप प्रमुख	२,५५०
४१३	प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजना अनुगमन	श्री भवानी के. सी.	उप प्रमुख	२,५५०
१०५१	योजना अनुगमन	भवानी के.सी.	उप प्रमुख	२३,८००
१०५१	योजना अनुगमन	बिल बहादुर घर्ती	का.पा. सदस्य	२३,८००
जम्मा				५४,४००।००

असूल गर्नुपर्ने	५४,४००

६९ **प्रमाण कागज पेस गर्नुपर्ने -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रित पुगे नपुगेको जाँच गरेरमात्र भुक्तानी दिनुपर्ने व्यवस्था छ। पालिकाले निम्नानुसारको खर्चमा सो खर्च पुष्टि हुने बिल भरपाई,कागज पेस नभएकोले प्रमाण कागज पेस गर्नुपर्ने रु.

भौचर नं.	भुक्तानी पाउनेको नाम	पेस गर्नुपर्ने कागजात	रकम (रु.)

१२९	एभरेष्ट अटोमोबाइल एण्ड इन्जिनियरिङ वर्कसप	फोटोकपी बिल पेस भई भुक्तानी भएकोले सक्कल बिल	१२९३५८
१४६	भिमसेन हार्डवेयर्स पसल	गितादेवी श्रेष्ठले जस्ता १८ पत्ता बुझिलिएको भरपाई	१५०१२
१०३४	दलित महिला अपाङ्ग जेष्ठ नागरिक बालबालिका युवा लक्षित कार्यक्रम अन्तर्गत वडा नं. ६ मा प्रा. वि. का बालबालिकालाई ७० वटा झोला वितरण गरेको भरपाई		७८७०४
१२३६	वडा नं. ६ बाट आरान सुधार कार्यक्रममा घन ११ थान,एङगल ग्रेन्डर ११ थान र टेलिफोन मिक्चर थान ११ बुझाएको भरपाई		९८१७९
१२४३	वडा नं ९ का लागि सामग्री खरिद बापत श्रेष्ठ निर्माण स्टोर्सलाई भुक्तानी भएकोमा खर्च पुष्टि हुने बिल भरपाइ		८५०४०
जम्मा			४०६२९३

प्रमाण पेश नगरेको	४,०६,२९३

७० **ब्याकहो लोडरको कार्य -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ अनुसार निर्माण कार्यको नापजाँच गरी प्राविधिक मूल्याङ्कनको आधारमा भुक्तानी दिनुपर्ने व्यवस्था छ। पालिकाले ब्याकहो लोडर सञ्चालन खर्च शीर्षकमा अपरेटरको भत्ता, इन्धन तथा मर्मतबापत यस वर्ष रु.१६ लाख ५३ हजार खर्च लेखेकोमा वर्षभरि कुनै पनि व्यक्ति तथा संस्थालाई भाडामा नलगाएकोले यसबाट वार्षिक आम्दानी शून्य रहेको पाइयो । ब्याकहो लोडर प्रयोगको रेकर्ड समेत अद्यावधिक नगरेको एवं सोको प्राविधिक मूल्याङ्कन समेत गरेको पाइएन । पालिकाले कुन-कुन योजनामा मेशिन प्रयोग भएको हो सोको प्राविधिक मूल्याङ्कन सहित खर्चको अभिलेख राखी सरकारी स्रोत साधनबाट प्राप्त रकम सञ्चितकोष दाखिला गर्ने पद्दति अवलम्बन गर्नुपर्दछ ।

७१ **अनुगमन मूल्याङ्कन तथा भ्रमण खर्च -** भ्रमण खर्च नियमावली, २०६४ को नियम २१ मा भ्रमण खटिने पदाधिकारी वा कर्मचारीले भ्रमण गरेपछि सो को अभिलेख अनुसूची ६ को ढाँचामा राख्नुपर्ने तथा भ्रमणलाई विश्वसनीय बनाउन आवश्यकता अनुसार आन्तरिक नियन्त्रण प्रणालीको थप व्यवस्था गर्नुपर्ने व्यवस्था छ। त्यस्तै नियम १९ मा जिल्लाभित्रको ठाउँको दुरीको विवरण राख्नुपर्ने उल्लेख छ । पालिकाले यस वर्ष विषयगत शीर्षक तथा कन्टिन्जेन्सी बाहेक चालु खर्च शीर्षकबाट भ्रमण खर्चमा रु. २१ लाख ७७ हजार खर्च लेखेको छ भने अनुगमन मूल्याङ्कन शीर्षकबाट रु.४ लाख ८२ हजार खर्च लेखेको छ । तर भ्रमणको उद्धेश्य, अनुगमन तथा भ्रमण प्रतिवेदन, भ्रमण अभिलेख, दुरीको विवरण, सवारी साधनको टिकट आदि राखेको छैन जसले गर्दा अनुगमन तथा भ्रमणको सही सदुपयोग भएको छ भन्ने आधार रहेन । यसमा सुधार गर्नुपर्दछ ।

७२ **खर्चको प्रमाण -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन

रित पुगे नपुगेको जाँच गरेरमात्र भुक्तानी दिनुपर्ने व्यवस्था छ। पालिकाले निम्नानुसार कामको भुक्तानी गर्दा खर्च पुष्टी गर्ने बिल भरपाई राखेको पाइएन । खर्च पुष्टि गर्ने बिल भरपाई पेश गर्नुपर्ने अन्यथा असूल गर्नुपर्ने रु.

भौचर नं.	काम	रकम
११	खजेगाउँ चिहानपाटा डाँडागाउँ स्वारा पदेल मार्ग	२०००००
१५	जय भद्रकाली आयल स्टोर्स	४८८५५
९	खेलकुद सामाग्री खरीद गरी वितरण	२१४९८२
जम्मा		४६३८३७

प्रमाण पेश नगरेको	४,६३,८३७

७३ **अनुत्पादक तथा वितरणमुखी खर्च -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २४ (२) मा सरकारी रकम खर्च गर्दा साधन स्रोतको उच्चतम प्रतिफल प्राप्त हुने र प्राप्त प्रतिफलको उचित गुणस्तर समेत कायम हुने गरी मितव्ययी तरिकाले गर्नुपर्ने व्यवस्था छ । त्यस्तै स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७३(६) मा स्वीकृत बजेट खर्च गर्दा मितव्ययिता र प्रभावकारिता कायम गर्न आवश्यक व्यवस्था मिलाउनुपर्ने उल्लेख छ । नमुना छनौटको आधारमा केही भौचरहरू परीक्षण गर्दा पालिकाले स्पष्ट मापदण्ड एवं कार्यविधि बिना देहाय बमोजिम अनुत्पादक तथा वितरणमुखी कार्यमा रकम खर्च गरेको देखिन्छ । यसबाट उत्पादनमूलक र रोजगारी सिर्जना हुने क्षेत्रमा गर्नुपर्ने खर्चमा कटौती हुने हुँदा यस्तो खर्चमा नियन्त्रण गर्नुपर्दछ। यस्ता केही खर्च देहायअनुसार छन्ः

भौचर नं.	विवरण	रकम(रु.)
३१	लाखे नाच प्रतियोगिता	७५०००
३८२	तिज गित कार्यक्रम	५००००
४०३	जेष्ठ नागरिकलाई इलेक्ट्रिक किट्ली वितरण	१०००००
४४०	जेष्ठ नागरिकलाई ब्लाङ्केट वितरण	९९१५२
७८९	बाजा तथा आरान मेसिन वितरण	१९९७००
८९०	जनता स्वास्थ्य कार्यक्रम अन्तर्गत अण्डा, घ्यु, हर्लिक्स, चना, भट्ट, आयोनुन वितरण	१०००००
९७८	आमा समूह भाँडा खरिद	७००००
९९७	पोषण कार्यक्रम अन्तर्गत घिउ अण्डा समेत वितरण	१०००००
१००७	विभिन्न आमा समूहलाई प्लाष्टिकको कुर्सी वितरण	९९४५१

११२४	नगरपालिका भित्र प्रकाशन तथा प्रशारण हुने मिडिया हाउसलाई उपकरण खरिदमा लागत साझेदारी अन्तर्गत रेडियो भोटेओडार र लमजुङ पत्रलाई २।२ वटा मोबाइल खरिद	२०००००

७४ **गत वर्षको भुक्तानी -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ को दफा ९ मा बहुवर्षीय खरिद र विशेष परिस्थितिबाट सृजित दायित्वमध्ये आगामी वर्ष भुक्तानी गर्नुपर्ने बाँकी रकम समावेस गरेर बजेट बनाउने व्यवस्था छ। पालिकाले गतवर्षको भुक्तानी दिन बाँकीको खाता तथा कच्चावारी (म.ले.प.फा.नं. २२१) प्रमाणित नगरी गाउँपालिका चालुतर्फ रु.७ लाख ५३ हजार भुक्तानी दिएको छ। तसर्थ यस्तो भुक्तानी नियमसम्मत नदेखिएको रु.

अनियमित भएको	७,५३,०००

७५ **दाखिला प्रतिवेदन पेस गर्नुपर्ने -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल, भरपाई, प्रमाण कागज संलग्न हुनुपर्ने उल्लेख छ । त्यस्तै सोही नियमावलीको नियम ९५ को उपनियम १ मा कार्यालय प्रमुखले खरिद गरी प्राप्त हुन आएको जिन्सी मालसमानको विवरण र मूल्य खुलाइ जिन्सी किताबमा ७ दिन भित्र आम्दानी बाध्नुपर्ने व्यवस्था छ । पालिकाले निम्नानुसारको जिन्सी सामान खरिदको बिल भुक्तानी गर्दा उक्त सामानहरू सम्बन्धित कार्यालयमा दाखिला भएको प्रमाण पेस नभएकोले दाखिला प्रतिवेदन पेस गर्नुपर्ने रु.

भौचर नं.	मिति	विवरण	रकम (रु.)
४७१	२०७९।११।२८	वडा नं. ५ मा डेक्सटप कम्प्युटर थान १ र प्रिन्टर थान १ खरिद	१५२५५०
१०३२		युवा लक्षित स्वरोजगार तथा खेलकुद कार्यक्रम अन्तर्गत वडा नं. ६ मा Trampoline Jumping set थान ४ खरिद	१७०६३०
जम्मा			३२३१८०

प्रमाण पेश नगरेको	३,२३,१८०

अनुसूचीहरू

अनुसूची - १

आर्थिक कारोबारको स्थिति

आर्थिक वर्षः २०७९/८०

कार्यालय र स्थान : सुन्दरबजार नगरपालिका, लमजुङ ।

पद	नाम	कार्यकाल सुरु मिति	कार्यकाल समाप्त मिति
कार्यालय प्रमुख	श्री शिशिर पौडेल	२०८०-१-२६	हाल सम्म कार्यरत
कार्यालय प्रमुख	श्री दिवाकर पौडेल	२०७९-४-१	२०८०-१-२५
लेखा प्रमुख	श्री नरेन्द्रराज घिमिरे	२०७७-४-१	हाल सम्म कार्यरत

बेरुजु वर्गीकरणः

असूल गर्नुपर्ने	अनियमित भएको	प्रमाणका कागजात पेश नभएको	जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा पेश्की
९३६,७५५	६,८६९,६२६	६,१३२,२५९	०	०	२,११२,३८०
प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजु रु.					१६,०५१,०२०
प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु.					०
संपरीक्षणबाट थप भएको बेरुजु रु.					०
लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजु रु.					१६,०५१,०२०

आर्थिक कारोबारको स्थितिः

गत वर्षको जिम्मेवारी			१६४०६५८९४
आम्दानी		खर्च	
सङ्घीय सरकारबाट अनुदान	४५९०९५०५०	चालु खर्च	४४५९६४१२६
प्रदेश सरकारबाट अनुदान	२३५४०७५०	पुँजीगत खर्च	१६३८०६०५०
राजश्व बाँडफाँट	८१४७४९०५	वित्तीय/अन्य व्यवस्था	१७२२८९३२६
आन्तरिक आय	१३६२२६२८		
अन्य आय	१७८८२१४५२		
कुल आय	७५६५५४७८५	कुल खर्च	७८२०५९५०२
बाँकी मौज्दात			१३८५६११७७

पालिकाको एकिकृत आर्थिक विवरण - अनुसूची-२

क्र.सं.	आय तर्फ			क्र.सं.	व्यय तर्फ		
	विवरण	रकम	जम्मा रकम		विवरण	रकम	जम्मा रकम
१	गत वर्षको जिम्मेवारी		१६४०६५८९४.४०		खर्च		६०९७७०१७६
	क) नगद	०		१	चालु खर्च (साट्न बाकी चेक घटाएर)	४४५९६४१२६	
	ख) बैङ्क	१६४०६५८९४		२	पुँजीगत खर्च (साट्न बाकी चेक घटाएर)	१६३८०६०५०	
२	राजस्व (आन्तरिक आय)		९५०९७५३३.६१	३	विषयगत (भुक्तानी आदेश वनाइ खर्च गर्ने) तर्फः		१६१५०८६८३
	क) आन्तरिक राजस्व	१३६२२६२८.४			सामाजिक सुरक्षा	१४००१९१४९	
	ख) संघिय राजस्व बाँडफाँड	६२८३९८०१.९			गरिबसँग विश्वेश्वर	४५२५२०	
	ग) प्रदेश राजश्व वाँडफाँड	१२०५६४००			एकीकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रम	२१०३७०१४	
	घ) मालपोत रजिष्ट्रेशन शुल्क	५०४७३०३.३					
	ङ) दहत्तरबहत्तर वाँडफाँडबाट प्राप्त	१५३१४००					
३	वित्तीय हस्तान्तरण		४५९०९५०५०		दहत्तरबहत्तर वाँडफाँडबाट प्रदेश बिभाज्य कोषमा पठाएको	६१२५६०	६१२५६०
	क) वित्तीय समानीकरण अनुदान	११०४४५०००					
	ख) सशर्त अनुदान	३३४३६४७५०		४	वित्तीय व्यवस्था भुक्तानी		
	ग) समपूरक अनुदान	३२८५३००			क) ऋण भुक्तानी	०	
	घ) विशेष अनुदान	११००००००			ख) ब्याज भुक्तानी	०	
४	प्रदेश सरकारबाट प्राप्त अनुदान		२३५४०७५०		ग) अन्य भुक्तानी	०	

	क)वित्तीय समानीकरण अनुदान	१२०६३७५०		५	लगानी	०	
	ख) सशर्त अनुदान	३९८४०००			ऋण लगानी	०	
	ग) समपूरक अनुदान	३८९८०००			शेयर लगानी	०	
	घ) विशेष अनुदान	३५९५०००			अन्य लगानी	०	
५	अन्तर स्थानीय तहबाट प्राप्त	०		६	धरौटी फिर्ता (साट्न बाकी चेक घटाएर)	१६७२९९२	१६६८९९२
	ग) ब्याज प्राप्ति	०		७	बिबिध कोष खाता		२६९२७७४.७
७	विभिन्न कोषतर्फको आय	०			कर्मचारी कल्याण कोष	२६९२७७४.७	
	विभाज्य कोष खाता	०			लैंगिक हिंशा	०	
	बिबिध कोष खाताः	०			पी.सि.आर.ल्याव	०	
	कर्मचारी कल्याण कोष	०			साझेदारी विकास कोष	०	
	लैंगिक हिंशा	०			मर्मत संभार कोष	०	
	मर्मत संभार कोष	०		८	विविध खर्च खाता (साट्न बाकी चेक घटाएर)	४६४८४९४	४६४८४९४
	वेदव्यास शिवपान्चायन १०८ फिट	०			प्रकोप व्यवस्थापन/कोष	११५७८२३	११५७८२३
	प्रकोप व्यवस्थापन तथा अन्य कोष	०					
	आकस्मिक कोष खाता	०		९	मौज्दात		
	विविध खर्च खाता	४६४८४९४	४६४८४९४		क) नगद मौज्दात		१३८५६११७७
८	विषयगत (भुक्तानी आदेश वनाइ खर्च गर्ने) तर्फः		१६१५०८६८३		ख) चालु खर्च खाता	०	
	सामाजिक सुरक्षा	१४००१९१४९			ग) पुजीगत खर्च खाता	०	
	गरिबसँग विश्वेश्वर	४५२५२०			घ) बैङ्क मौज्दात (सञ्चित कोष खाता)	१२०९०५२८६	

	एकीकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रम	२१०३७०१४			ङ) आकस्मिक कोष खाता	०	
	स्वच्छ वातावरण कार्यक्रम	०			च) बैंक मौज्दात (धरौटी कोष खाता)	४९०४५५५	
	प्रदेस तथा स्थानीय शासन सहयोग कार्यक्रम(संघतर्फ अनुदान)	३८०९८२	३८०९८२		छ) बैंक मौज्दात (प्रकोप व्यवस्थापन कोष)	३६७३१२	
९	लागत सहभागिता				ज) विविध खर्च	७५९६२४६	
१०	धरौंटी आय	२८०८८६३	२८०८८६३		झ) विविध कोष खाता	४७८७७७८	
१२	अन्य विविध आय(सडक बोर्ड र जि स स बाट प्राप्त निसका समेत)	९४७४४३०	९४७४४३०				
जम्मा		९२०६२०६८०	९२०६२०६८०	जम्मा			९२०६२०६८०

बेरूजु दफा ५१ सँग सम्बन्धित विवरण - अनुसूची -३

क्र.सं.	विद्यालयको नाम	तह	वडा नं.	शिक्षक दरबन्दी	पदपूर्ति	पदपूर्ति मध्येकरार	विद्यार्थी संख्या	विधार्थी शिक्षक अनुपात
१	भागिरथी	प्रा.वि.	१	२	२	०	९	५
२	शान्ति	मा.वि.	१	२०	१७	३	३१८	१९
३	बालविकास	प्रा.वि.	१	१	१	०	५	५
४	भगवती	प्रा.वि.	१	२	२	०	७	४
५	सेवामन्दिर	प्रा.वि.	१	१	१	०	७	७
७	जनजागृति	प्रा.वि.	१	१	१	०	९	९
८	युवावर्ष	प्रा.वि.	१	१	१	०	८	८
९	मनकामना	प्रा.वि.	२	२	२	०	१५	८
१०	कान्तिमन्दिर	मा.वि.	२	१०	७	३	८१	१२
११	महेन्द्रमन्दिर	मा.वि.	२	१४	१०	४	१५३	१५
१२	महादेवी	प्रा.वि.	२	४	२	२	६३	३२
१३	मनकामना	प्रा.वि.	३	३	३	०	४०	१३
१४	शिक्षासदन	प्रा.वि.	३	३	२	१	४४	२२
१५	पाणिनि	मा.वि.	३	१२	९	३	२९	३
१६	सर्वोदय	मा.वि.	३	१७	११	६	२३२	२१
१७	शान्तिसिर्जना	प्रा.वि.	४	०	०	०	३९	
१८	गाउँफर्क	प्रा.वि.	४	४	३	१	४३	१४
१९	श्रीसदन	प्रा.वि.	४	३	२	१	१८	९
२०	संस्कृतिसदन	मा.वि.	४	१३	५	८	२९१	५८
२१	सुन्दरीदेवी	प्रा.वि.	५	१	१	०	४	४
२३	समाजसेवा	प्रा.वि.	५	३	३	०	४७	१६
२४	दुर्गादेवी	प्रा.वि.	५	३	२	१	३८	१९
२५	विद्याज्योति	मा.वि.	५	२१	१४	७	८४४	६०
२६	शान्तिनिकेतन	प्रा.वि.	६	३	२	१	४४	२२
२७	भैरवदेवी	प्रा.वि.	६	३	३	०	३४	११
२८	आदर्श	प्रा.वि.	६	२	२	०	२०	१०

२९	आदर्शबाल	मा.वि.	६	२४	२०	४	७४३	३७
३०	मर्स्याङदी	आ.वि.	७	७	४	३	१५३	३८
३१	अकलाबगैंचा	आ.वि.	८	८	६	२	४५	८
३२	कालिकाशिक्षा मन्दिर	प्रा.वि.	८	२	२	०	५	३
३३	भारतीसदन	मा.वि.	८	१२	७	५	१३९	२०
३४	भविष्यनिर्माण	मा.वि.	९	१४	९	५	२१५	२४
३५	भक्तिनमूना	मा.वि.	९	२६	२०	६	५५९	२८
३६	ज्वालादेवी	प्रा.वि.	१०	१	१	०	८	८
३७	शान्तिनिकेतन	प्रा.वि.	१०	२	२	०	१७	९
३८	सिद्धिसदन	आ.वि.	१०	८	६	२	४७	८
३९	सौभाग्यसदन	मा.वि.	१०	१३	१०	३	६९	७
४०	देवीसदन	प्रा.वि.	११	३	३	०	४१	१४
४१	शोभामन्दिर	प्रा.वि.	११	३	२	१	१४	७
४२	सरस्वतीसदन	मा.वि.	११	१२	१०	२	७४	७
जम्मा				२८४	२१०	७४	४५३८	२२

बेरूजु दफा ६६ सँग सम्बन्धित विवरण - अनुसूची -४

कृषि कार्यक्रम तर्फ			वितरित सङ्ख्या			जम्मा	खरिद विधि	पालिकाको खर्च
क्र.स.	सामाग्रीको नाम	पालिकाको खर्च प्रतिशत	वडा न. ३	वडा न. १०	वडा नं. ११			
१	हलेदो	१००	१०००के.जी	१६०० के.जी	-	२६००	सोझै	६५०००
२	प्लाष्टिक टनेल	७०	१० वटा	१२वटा	५० वटा	८२	सोझै	३३२९२०
३	हाते ट्याक्टर	५०	१२ वटा	३ वटा	१३ वटा	२८	शिलदरबन्दी	६९६५००
४	पन्जा टोपी	१००	-	-	१०५ वटा	१०५	सोझै	७३५००
५	गोला सहितको मौरीको घार	७०	५० वटा	६५ वटा	१०५ वटा	२२०	शिलदरबन्दी	१३४३२३०
६	ढुवानी							१०००००
	जम्मा							२६१११५०
	पशु कार्यक्रम तर्फ							
७	लोकल कुखुराको चल्ला	१००	०	५००	१०००	१५००	सोझै	१४२५००
८	ब्याड रागा	७०	०	१	०	१	सोझै	४९०००
९	बाख्रा	७०	४०	३०	२४	९४	सोझै	६५४५५२
१०	ब्याड बोका	७०	०	०	५	५		४१८३२०
११	खुखुराको खोर	७०	६	१०	१८	३४		३५७००
१२	बाख्राको खोर सुधार	७०	०	०	५ वटा	५		८७५००
	पशु कार्यक्रम तर्फको जम्मा							१३८७५७२
कुल जम्मा								३९९८७२२